निर्वाचनलाई वातावरणमैत्री बनाऔं।
❖सभा, जुलुस, न्याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
❖निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
❖निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
❖निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा न्यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
❖निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
❖निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
❖निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
❖निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।
हरित निर्वाचन अभियानलाई सफल पारौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

मजदुर दैनिक विज्ञापन शाखा
नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५
विज्ञापनको लागि सूचना
सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : ३१ ★ ने. सं. ११४६ चिल्ला थ्व, षष्ठी ★ सोमबार ★ ११ फागुन, २०८२ ★ February 23, 2026, Monday ★ मूल्य रु.५।– ★ पृष्ठ ८

## नेमकिपाले संसद्लाई नीति र ऐन निर्माण गर्ने थलोको रूपमा उपयोग गर्ने



भक्तपुर, १० फागुन । "निर्वाचन एक वर्ग सङ्घर्ष र राजनीतिक सङ्घर्ष हो । यो जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर हो । संसद्को मुख्य काम प्रधानमन्त्री छनोट गर्न होइन बरू आवश्यक नीति र ऐनहरूको निर्माण गर्ने हो ।"

उक्त भनाइ नेमकिपाका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालले आइतबार सल्लाघारीमा भएको चुनावी सभामा व्यक्त गर्नुभएको हो ।

दलले देशघाती, भ्रष्टाचारी, ठग, माफियालाई निर्वाचनमा उम्मेदवारी उठाउन नहुने उल्लेख गर्दै उहाँले संसद् भत्ता पचाउने थलो बनाउन नहुने बताउनुभयो ।

संसदीय सदस्यहरूलाई पेन्सन दिन नहुने उल्लेख गर्दै उहाँले शासक दलहरू हेर्दा फरक दल भए पनि सबै भागबन्डामा मिल्ने पुँजीवादी दलहरू हुन् भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वागमती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेमकिपाको स्वार्थ भनेकै देश र जनताको सेवा गर्नु हो भन्नुभयो ।

३५ वर्षको शासन कालमा विभिन्न बेथिति र काण्डहरू घटेको उल्लेख गर्दै उहाँले बुद्धिजीवीहरूले देशको वास्तविकता नबुझ्दा देश अप्ठेरोमा परेको बताउनुभयो ।

देशको स्वाधीनता र सार्वभौमिकता जोगाउन संसद्मा देशभक्तहरूको सङ्ख्या बढाउनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले जनता बेलैमा सचेत नभए फेरि आर्थिक माफिया र भ्रष्टाचारीहरू जित्ने बताउनुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका गङ्गाराम ज्याख्वले रासायनिक मल विदेशबाट आयात गरेर कमिसन खान पल्केका शासकहरूले देशमा मल कारखाना खोल्न नचाहेको बताउनुभयो ।

नेमकिपा वडा नं. १ का अध्यक्ष कृष्णबहादुर दुगुजुको सभापतित्वमा भएको सभामा सृजना नगर सेवा समाजका अध्यक्ष नारायण कोइरालाले शुभेच्छा प्रकट गर्नुभयो ।

सभामा कृता कोजु, रेखा श्रेष्ठ र चेतनाथ कँडेलले पनि बोल्नुभएको थियो ।

सभामा विनोद विक र राजु पाँतीले गीत प्रस्तुत गर्नुभयो ।

## शैक्षिक सुधारबारे ख्वप बहुप्राविधिक अध्ययन संस्थानमा छलफल



भक्तपुर, १० फागुन । भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप बहुप्राविधिक अध्ययन संस्थानको शैक्षिक सुधार सम्बन्धमा छलफल गर्न आइतबार विद्यार्थीबिच छलफल कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप बहुप्राविधिक अध्ययन संस्थान सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले विद्यार्थीमा भएको क्षमतालाई सशक्त बनाउन आवश्यक कलेजले सहयोग गर्नुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "प्रतिस्पर्धाको बेला उत्तीर्ण मात्र भएर पुग्दैन, उत्कृष्ट हुनुपर्ने हुन्छ; उत्कृष्ट हुनको लागि थप मेहनत आवश्यक हुन्छ । गुणस्तरीय शिक्षा मेहनत र परिश्रमबाट मात्र हासिल गर्न सकिन्छ ।"

भक्तपुर नगरपालिकाले भक्तपुर नगरलाई शैक्षिक र पर्यटकीय गन्तव्यस्थल बनाउने उद्देश्य लिई कार्य गरिरहेको उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "नर्सिङ कलेज सहजरूपमा स्थापना भएको होइन । नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले परिकल्पना गर्नुभएको 'सय वर्षपछिको भक्तपुर' लाई साकार बनाउन भनपाले कलेजहरू सञ्चालन गरिरहेको छ ।"

"युवा भनेको भीड होइन, विचार र सिद्धान्तले निर्देशित शक्ति हुनुपर्छ; देश रक्षा गर्ने भावना युवामा हुनुपर्छ", प्रमुख प्रजापतिले बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले देशको लागि आवश्यक दक्ष नर्सिङ जनशक्ति तयार गर्ने उद्देश्य ख्वप बहुप्राविधिक अध्ययन संस्थानको रहेको हुँदा कलेजका समस्याहरू निराकरणको लागि समयमै छलफल गर्नुपर्ने र भएका समस्याबारे प्रशासनलाई जानकारी दिन

बाँकी पृष्ठ २ मा

### व्यङ्ग्यचित्र कुनो




## संसद् अन्तर्राष्ट्रिय सन्धि-सम्झौताबारे पनि छलफल गर्ने थलो

तनहुँ १०, फागुन । नेपाल मजदुर किसान पार्टीको तर्फबाट प्रतिनिधिसभा निर्वाचनमा तनहुँ क्षेत्र नं २ का उम्मेदवार लक्ष्मण अधिकारीको टोलीले भिमाद नगरपालिका वडा नं ५ को रिसिङ्ग पाटन र भिमाद बजारमा घरदैलो तथा स्थानीयसँग भेटघाट सम्पन्न गऱ्यो ।

भेटघाट तथा छलफलमा नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले बाटो, कुलो, नहर, पुलजस्ता विकास निर्माणको काम गर्न स्थानीय तहको बन्दोबस्त भएको र संसद् देशको नीति निर्माण तथा अन्तर्राष्ट्रिय सन्धि-सम्झौताबारे छलफल गर्ने थलो रहेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीका उम्मेदवार निर्वाचित भए पनि नभए पनि नेमकिपाका प्रतिनिधिहरूले स्थानीय समस्याबारे जनताका आवाजलाई सम्बन्धित निकायमा पुऱ्याउनेछ ।"

नेपाल मजदुर किसान पार्टीको तर्फबाट तनहुँ क्षेत्र नं २ का उम्मेदवार लक्ष्मण अधिकारीले तनहुँका जनताले नेपाल मजदुर किसान पार्टीलाई विजयी गराए आफूहरूले सम्बन्धित निकाय तथा



प्रतिनिधिसभामा तनहुँका समस्या समाधानका निम्ति आवाज उठाउने बताउनुभयो ।

उहाँले विदेशीका दलालहरूलाई परास्त गरी देशको सार्वभौमिकता रक्षा गर्न सदनमा नेमकिपाको खाँचो छ भन्नुभयो ।

स्थानीय जनताले रिसिङ्ग पाटनमा सिँचाइको समस्या रहेको बताउनुभयो । पूर्वतर्फ फेदीखोला र पश्चिमतर्फ वान्टाङ्ग खोला बगेको बिचको उर्वर समथर भूमि रिसिङ्ग पाटनमा सिँचाइको व्यवस्था छैन । सरकारले खोलाबाट पानी लिफ्ट गरी सिँचाइको व्यवस्था गरिदिए कृषि उत्पादनबाट रिसिङ्ग पाटनका जनता आत्मनिर्भर बन्न सकिने स्थानीय नारायणदत्त गैरे, मिरा गैरे, बोधराज गैरे, कृष्णप्रसाद गैरेलगायतको भनाइ रहेको छ ।

यसैगरी, तनहुँको आयोजनामा म्याग्दे गाउँपालिका वडा नं ७ स्थित समिधारामा चुनावी सभा शनिबार सम्पन्न भयो ।

सभामा नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले जनताको शिक्षा, स्वास्थ्य निःशुल्क गराउन, देशको सार्वभौमिकता रक्षा गर्न, भ्रष्टाचारीलाई मृत्युदण्डसमेतको सजाय दिलाउन एवम् युवालाई स्वदेशमै रोजगारी दिन लड्ने दलका उम्मेदवारलाई मतदान गर्न आग्रह गर्नुभयो ।

उहाँले निर्वाचन घोषणापत्रको लडाइँ तथा वर्गसङ्घर्ष नै भएको हुँदा कामदार जनता राजनीतिक रूपले सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट तनहुँ क्षेत्र नं २ का उम्मेदवार लक्ष्मण अधिकारीले कामदार जनताको मुक्तिको निम्ति नेपाल मजदुर किसान पार्टीको सङ्घर्ष जारी रहेको चर्चा गर्दै तनहुँका जनताले नेपाल मजदुर किसान पार्टीलाई विजयी गराए आफूहरूले प्रतिनिधिसभामा देश र जनताको पक्षमा नीति निर्माण गर्न सङ्घर्ष गर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका समानुपातिक उम्मेदवार रामबहादुर नेपालीले शासक दलहरूले निर्वाचनमा

बाँकी पृष्ठ २ मा

# पुँजीवादी बन्दोबस्तले निर्वाचन धाँधलीरहित र निष्पक्ष हुन नसक्ने



भक्तपुर, १० फागुन । भक्तपुर क्षेत्र नं. २ मा नेमकिपा कटुञ्जेको आयोजनामा शनिबार चुनावी सभा सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले राजनीति गर्नुको उद्देश्य नि:स्वार्थ रूपमा जनताको सेवा हो भन्नुभयो ।

उहाँले भन्नुभयो, "निर्वाचन वर्गसङ्घर्ष र राजनैतिक सङ्घर्ष हो । निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर हो । निर्वाचनले समाजवाद आउँदैन ।"

नेमकिपाले मात्र एमसीसीको विरोध गरेको उल्लेख गर्दै उहाँले ठुला भनाउँदा दलहरूले पैसाको लोभमा एमसीसी पास गरेको बताउनुभयो । उहाँले विदेशीले देशको जलस्रोत कब्जा गर्न खोजेकोमा चिन्ता व्यक्त गर्दै देशभरि नेमकिपाले नजितेसम्म आमूल परिवर्तन गर्न नसकिने चर्चा गर्नुभयो ।

पुँजीवादी बन्दोबस्तले निर्वाचन धाँधलीरहित र निष्पक्ष हुन नसक्ने बताउँदै उहाँले विश्वविद्यालयले समाजलाई बुद्धिजीवीकरण गर्न संसद्ले नीति बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले सुशासन र भ्रष्टाचार नियन्त्रण गर्न आवश्यक कानुन नबनेसम्म देश र जनताको समस्या यथावत रहने स्पष्ट पार्नुभयो । जन्मको आधारमा नागरिकता पाएका विदेशीका छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुन खारेज गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले जनताको हितमा कानुन निर्माण गर्ने ठाउँमा नेमकिपालाई पुऱ्याउन आग्रह गर्नुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय अध्यक्ष अनुराधा थापामगरले नेमकिपा २०४८ सालदेखि नै आफ्नो घोषणापत्रमा देशको द्रुततर विकास गर्न रज्जुमार्ग, केबुलकार, सुरुङमार्ग निर्माणको माग गरिरहेको उल्लेख गर्नुभयो ।

नेपालमा विदेशीले सहयोग गरेको कलकारखाना निजीकरण गरेको र युवा शक्ति बेरोजगार बनाएर विदेश पलायन गर्न बाध्य भएकोमा ठुला दलहरू दोषी रहेको उल्लेख गर्नुभयो ।

उहाँले देशमा विद्युत् उत्पादन गरेर जनतालाई कम शुल्कमा विद्युत् प्रदान गर्न सके विदेशबाट ग्याँस आयात कम गर्न सकिने विचार व्यक्त गर्नुभयो । देश विकास गर्न निर्वाचित सांसद जिल्लामा नै बसेर जनताको सेवा गर्नुपर्ने उल्लेख गर्दै उहाँले सबै सहरकेन्द्रित भएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले देशमा सन्तुलित विकास गरेमात्र आमूल परिवर्तन गर्न सकिने चर्चा गर्दै युवा उमेरले भन्दा विचार र सिद्धान्तले हुने बताउनुभयो । युवा शक्तिलाई शैक्षिकरूपले योग्य र सक्षम बनाई देशभित्रै रोजगारको बन्दोबस्त गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यले निर्वाचन घोषणापत्रको सैद्धान्तिक लडाइँ हो; निर्वाचन जनतामाझ पार्टीको विचार लाने माध्यम हो भन्नुभयो । "घोषणापत्रअनुसार इमानदारीपूर्वक र निष्पक्ष तरिकाले जनताको सेवा गर्न संसद्मा जाने हो । सांसद बन्नु कुनै मन्त्री, प्रधानमन्त्री बन्नुभन्दा जनताको हितमा कानुन निर्माणमा लाग्नु हो," उहाँले भन्नुभयो ।

उहाँले देशको सार्वभौमिकता रक्षाको लागि आवाज उठाउन, देशभक्तहरूको सदन बनाउन, नि:शुल्क शिक्षा र स्वास्थ्यको बन्दोबस्त गर्न, आत्मनिर्भर हुन र देशभित्रै रोजगारको सिर्जना गर्न आवश्यक कानुन निर्माण गर्न लागिपर्ने दल र दलका उम्मेदवारलाई मत दिन आग्रह गर्नुभयो ।

स्थानीय निकायलाई ज्ञान विज्ञानको केन्द्र बनाउन ख्वप विश्वविद्यालयको विधेयक सदनबाट पास गराउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले कृषि उत्पादन बढाउन, मल कारखाना बन्दोबस्त गर्न आवाज उठाउन, सिँचाइको बन्दोबस्त गराउन र वैज्ञानिक कृषि प्रणालीको बन्दोबस्तको लागि नेमकिपाको संसद्मा खाँचो रहेको प्रस्ट पार्नुभयो ।

कार्यक्रम वडा नं. ५ समितिका रामकृष्ण बखुन्छेँको सभापतित्वमा भएको थियो भने नेमकिपा सूर्यविनायकका अध्यक्ष सूर्यभक्त त्वाती, समानुपातिक उम्मेदवार श्याम बिसुङ्के र जितबहादुर खाइजुले पनि बोल्नुभएको थियो ।

कार्यक्रमको बिचबिचमा विनोद विक र सपना शाहीले प्रगतिशील गीत प्रस्तुत गर्नुभएको थियो । त्यस्तै, जितबहादुर खाइजु, अञ्जना बखुन्छेँ, जुनु कोजु, मैँया खाइजु र सुन्दर गुमाञ्जुले पनि संयुक्त गीत प्रस्तुत गर्नुभयो ।

# भक्तपुर बचतको अध्ययन भ्रमण सिन्धु, सगुन र जागरण साकोसमा

भक्तपुर, १० फागुन । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको सहकारी अध्ययन भ्रमण सिन्धुलीको सिन्धु बचत, सर्लाही हरिवनको सगुन बचत र मकवानपुरगढीको जागरण बचतमा भयो । सहकारी अध्ययन भ्रमण फागुन ६ देखि ९ गतेसम्ममा भएको थियो ।

पहिलो दिन बुधबार सिन्धुलीको कमलामाई नगरपालिका वडा नं. ६ धुराबजारमा अवस्थित सिन्धु बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा अध्ययन गरिएको थियो ।

उक्त सहकारीका अध्यक्ष जङ्गबहादुर राईले सहकारीमा आएको चुनौती साझा समस्याको रूपमा लिनुपर्ने धारणा राख्दै अहिलेको राष्ट्रिय सहकारी प्राधिकरण, सहकारी विभाग, नगरपालिकालगायतका नीति निर्देशनले सहकारी चलाउनमा समस्या आएको बताउनुभयो । बचत तथा ऋणसम्बन्धी संस्थाको व्यवस्थाबारे बताउँदै उहाँले बजार सानो र माग कम भएकोले लगानीमा आएको समस्याबारे जानकारी दिनुभयो ।

सिन्धु बचतका व्यवस्थापक सुरेशकुमार ठकुरीले संस्थाको आर्थिक अवस्थाबारे स्पष्ट पार्दै माघ मसान्तसम्मको वासलात ४१ करोड ४१ हजार रूपैयाँ जानकारी दिनुभयो ।

त्यस्तै, भक्तपुर बचतले सर्लाहीको हरिवन वडा नं. ११ मा रहेको सगुन बचत तथा ऋण सहकारी संस्थाको बिहीबार अध्ययन भ्रमण गऱ्यो । कार्यक्रममा संस्थाका अध्यक्ष केशवप्रसाद ढकालले संस्थाले दिँदै आएको सेवा सुविधाबारे जानकारी दिनुभयो ।

जम्मा १ अर्ब ९० करोडको वासलात रहेको उक्त संस्थामा १४ हजार सदस्यको १५ करोड शेयर पुँजी रहेको जानकारी दिँदै उहाँले आफै मालिक, आफ्नै बचत, आफैलाई लगानी, आफैलाई प्रतिफल भन्ने नाराअनुसार कार्य गरिरहेको छ भन्नुभयो ।

संस्थाका सूचना अधिकारी निरोजकुमार दाहालले संस्थाको वित्तीय अवस्थाबारे प्रस्तुतीकरण गर्नुभएको थियो ।

त्यस्तै, शुक्रबार मकवानपुरगढी वडा नं. ३ हेटौँडामा रहेको जागरण बचत तथा ऋण सहकारी संस्थामा अध्ययन भ्रमण गरियो । संस्थाका अध्यक्ष शत्रुधन दुलालले साहुको ब्याजबाट जनतालाई उन्मुक्ति दिलाउन संस्था स्थापना भएको जानकारी दिँदै सुरूदेखि अहिलेसम्म महिलाकै बाहुल्यताबाट सञ्चालन भइरहेको बताउनुभयो ।

संस्थाका व्यवस्थापक मेनुका दाहालले संस्थाले ल्याएका २० वटा नीति, १६ वटा कार्यविधि र ८ वटा निर्देशिकाबारे जानकारी दिनुभयो ।

भक्तपुर बचतका अध्यक्ष निर्मल प्रजापतिले तीनवटै संस्थामा भक्तपुर बचतको बारेमा स्पष्ट पार्दै सिद्धान्तभन्दा बाहिर गएर कारोबार गर्ने संस्थाका लागि तरलता नै चुनौती भइरहेको बताउनुभयो ।

उहाँले सदस्यको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षलाई सँगै लिएर अघि बढिरहेको बताउनुभयो । समुदायमा केन्द्रित भई सुसंस्कृत समाजको निर्माणको लागि संस्था अघि बढिरहेको स्पष्ट पार्दै उहाँले भाखा नाघेका ऋणी बढ्नु, ऋण लगानीमा कमी आउनु र तरलता व्यवस्थापन गर्न कठिनाइ हुनु सहकारीको चुनौती भएको बताउनुभयो ।

अध्ययन भ्रमणमा राखिएको प्रस्तुतिको सम्बन्धमा छलफल गरिएको थियो ।

# ६ हजार ७४३ वडामा मतदाता शिक्षा कार्यक्रम जारी

काठमाडौँ, १० फागुन । निर्वाचनलाई बढीभन्दा बढी सहभगितामूलक बनाउने र बदर प्रतिशत घटाउने उद्देश्यका साथ निर्वाचन आयोगले देशव्यापी रूपमा मतदाता शिक्षा कार्यक्रमलाई व्यापक रूपमा अगाडि बढाएको छ ।

आमनागरिकलाई मताधिकारको महत्त्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत कार्यक्रम मतदाता शिक्षा कार्यक्रम अगाडि बढाइएको छ । आयोगले यही फागुन ३ देखि १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका ६ हजार ७४३ वडामा एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालित भएको जनाएको छ ।

आममतदाताको बस्ती तथा घरदैलोमा पुगेर नमुना मतपत्रको माध्यमबाट निर्वाचनको महत्त्व र मतदान प्रक्रियाबारे मतदातालाई जानकारी गराउने कार्य खटिएका स्वयंसेवकबाट भइरहेको आयोगले उल्लेख गरेको छ । मतदाता शिक्षा कार्यक्रम प्रयोजनका लागि आयोगले स्थानीय तहमा यसअघि तोकेका सम्पर्क व्यक्तिलाई नै निर्वाचन मतदाता शिक्षा कार्यक्रमको अनुगमनकर्ता तोकी अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न भइसकेको छ ।

यस्तै, निर्वाचन आचारसंहिताको उल्लङ्घन हुनेगरी मिथ्या तथा भ्रमपूर्ण सूचना र घृणास्पद अभिव्यक्ति दिने व्यक्तिको निगरानी गर्न तथा गैरकानुनी कार्य गर्ने व्यक्ति र संस्थालाई नियामक निकायसँगको सहकार्यमा कानुनको दायरामा ल्याउन आयोगले अधिकतम् प्रयास गरिरहेको छ । आयोगमा स्थापना गरिएको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत सूचना सदाचार प्रवर्द्धन एकाइ पूर्ण रूपमा क्रियाशील रहेको जनाएको छ ।

हानिकारक सूचना उत्पादन एवं सम्प्रेषण गर्ने २९० कन्टेन्ट उत्पादक र सम्प्रेषकलाई विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारबाहीका लागि नेपाल प्रहरीको साइबर ब्यूरोमा उजुरी गरिएको छ । यस्तै, ११ वटालाई दूरसञ्चार प्राधिकरण ऐन, २०५२ बमोजिम कारबाही गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा पठाइएको छ । त्यस्तै, ६५ वटालाई प्रेस काउन्सिल ऐन, २०४८ बमोजिम कारबाहीका लागि प्रेस काउन्सिल, नेपालमा र एक वटालाई विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ बमोजिम कारबाहीका लागि पठाइएको आयोगले जनाएको छ । ***रासस***

# ख्वपमा कर्मचारी समाजको कार्यक्रम

भक्तपुर, १० फागुन । नेपाल कर्मचारी समाज ख्वप एकाइ समितिको आयोजनामा आइतबार ख्वप मावि, ख्वप कलेज र ख्वप कलेज अफ ल मा कार्यरत सहायक कर्मचारी, चालक तथा सहचालकहरूको भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं नेपाल प्राध्यापक समाजका केन्द्रीय अध्यक्ष सरोजराज गोसाईले हामीले गर्ने कामले नै हाम्रो इज्जत कायम हुने भएकोले कर्मचारीहरूले इमानदार भएर काम गर्नुपर्ने सुझाव दिनुभयो ।

ख्वप कलेजहरू सञ्चालन हुनुमा नेपाल मजदुर किसान पार्टीको महत्त्वपूर्ण योगदान रहेको स्पष्ट पार्दै उहाँले भक्तपुर नगरपालिकाले जस्तै देशका अन्य स्थानीय तहहरूले पनि कलेज र अस्पतालहरू सञ्चालन गरी जनताको सेवा गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले ख्वप सर्कलमा काम गर्ने अवसर पाउनु एउटा गर्वको विषय भएको बताउनुभयो ।

संस्था रहेमात्र संस्थामा कार्यरत कर्मचारीको भविष्य हुने भएकोले सबैले कलेज/विद्यालयको हितलाई प्राथमिकतामा राखी काम गर्नुपर्ने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष तुल्सीराम सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा कृष्णप्रसाद तुईतुईले पनि बोल्नुभएको थियो ।

# सुदूरपश्चिममा डेङ्गुबाट तीन वर्षमा सात हजारभन्दा बढी प्रभावित

कञ्चनपुर, १० फागुन । सुदूरपश्चिम प्रदेशमा डेङ्गु सङ्क्रमणको जोखिम अझै चुनौतीपूर्ण देखिएको छ । स्वास्थ्य निर्देशनालय दिपायलको तथ्याङ्कअनुसार विगत तीन आर्थिक वर्षमा प्रदेशभर डेङ्गुबाट सङ्क्रमित हुनेको सङ्ख्या सात हजार ६८३ रहेको छ ।

स्वास्थ्य निर्देशनालयका कीटजन्य रोग अधिकृत हेमराज जोशीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिममा तीन हजार ३४९ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको थियो । आव २०८१/८२ मा यो सङ्ख्यामा सामान्य कमी आए पनि जोखिम भने कायमै रहेको उहाँले बताउनुभयो । सो वर्ष तीन हजार ३१६ जनामा सङ्क्रमण देखिएको थियो ।

चालु आर्थिक वर्षको हालसम्म प्रदेशमा एक हजार १८ जना डेङ्गुबाट प्रभावित भइसकेका छन् । अधिकृत जोशीले भन्नुभयो, "अघिल्ला वर्षको तुलनामा डेङ्गुको ग्राफ केही घटेको देखिए पनि सङ्क्रमणको जोखिम भने टरेको छैन । विशेषगरी तराईका जिल्लामा यसको प्रभाव बढी छ ।"

निर्देशनालयका अनुसार प्रदेशका कैलाली र कञ्चनपुर डेङ्गुबाट सबैभन्दा बढी प्रभावित जिल्ला हुन् । पछिल्लो समय जलवायु परिवर्तन र बढ्दो सहरीकरणका कारण पहाडी जिल्लामासमेत डेङ्गुका बिरामी फेला पर्न थालेका अधिकृत जोशीले बताउनुभयो ।

यसैबिच, नागरिकस्तरबाट घर वरपर पानी जम्न नदिने र व्यक्तिगत सतर्कता अपनाउनमा कमी आउँदा सङ्क्रमण पूर्ण रूपमा नियन्त्रण हुन नसकेको स्वास्थ्यकर्मी बताउँछन् । 'एडिस एजिप्टी' जातको लामखुट्टेको टोकाइबाट सर्ने यो रोग नियन्त्रणका लागि सचेतना मुख्य उपाय भएको अधिकृत जोशीले बताउनुभयो ।

निर्देशनालयले ज्वरो आउने, जोर्नी दुख्ने र टाउको दुख्ने जस्ता लक्षण देखिएमा तुरुन्त नजिकैको स्वास्थ्य संस्थामा परीक्षण गराउन आग्रह गरेको छ । ***रासस***

***शैक्षिक...***

आग्रह गर्नुभयो ।

ख्वप नर्सिङ विभागका विभागीय प्रमुख ईश्वरी डंगोलले कलेजको गरिमा बढाउन विद्यार्थीको मेहेनत आवश्यक भएको चर्चा गर्दै नर्सिङ सेवामूलक पेसा भएको हुँदा विद्यार्थीहरू नर्सिङ पेसाप्रति सचेत हुनु जरुरी छ भन्नुभयो ।

***संसद...***

लोभलालच देखाई जनता झुक्याउन सक्ने भएकाले तनहुँका जनता सचेत हुनु जरुरी रहेको आवश्यकता औँल्याउनुभयो ।

सोही दिन व्यास नपा वडा नं ६ को अम्रेनीमा पनि स्थानीय जनताबिच नेपाल मजदुर किसान पार्टीका उम्मेदवार तथा कार्यकर्ताहरूको आसन्न निर्वाचनबारे छलफल भयो ।

यस्तै, भेटघाट र छलफल कार्यक्रम जनमत पार्टी, प्रलोपा, राजपा र नाउपाले पनि तीव्र पारेका छन् ।

## सङ्क्षिप्त समाचार

# गौरमा पुनः निषेधाज्ञा जारी

चन्द्रपुर (रौतहट), १० फागुन । जिल्ला प्रशासन कार्यालयले गौर नगर क्षेत्रभित्र पुनः निषेधाज्ञा जारी गरेको छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) अनुसार गौर नगरपालिकाको पूर्व मुडबलवा गेट, पश्चिम लालबकैया बाँध, उत्तरमा बम नहर र दक्षिणमा गौर भन्सार कार्यालयभित्र आइतबार बिहान ८:३० बजेदेखि पुनः निषेधाज्ञा जारी भएको हो ।

प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले आइतबार बिहान ८:३० बजेदेखि अर्को आदेश नभएसम्मका लागि पुनः निषेधाज्ञा जारी गरिएको जानकारी दिनुभयो । गौर-६ सवगढा गाउँमा शनिबार बिहान दुई समुदायबिच विवाद भएपछि शनिबार १:०० बजेदेखि आइतबार बिहान ६:३० बजेसम्मका निषेधाज्ञा जारी गरिएको थियो । ६:३० बजेदेखि ८:३० बजेम्म निषेधाज्ञालाई खुकुलो बनाइएको थियो । ***रासस***

# सङ्खुवासभाको रिताक आसपास केन्द्रबिन्दु भएर भूकम्पको धक्का

काठमाडौँ, १० फागुन । सङ्खुवासभाको रिताक आसपास केन्द्रबिन्दु भएर भूकम्प गएको छ ।

राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार सङ्खुवासभाको भोटखोला गाउँपालिकास्थित रिताक आसपास केन्द्रबिन्दु भएर आइतबार बिहान ७:३१ बजे चार दशमलव एक (४.१) रेक्टरस्केलको भूकम्प गएको हो । भूकम्पले के कति असर पुऱ्यायो भन्ने एकिन जानकारी प्राप्त भएको छैन । यसअघि गत माघ २८ गते लमजुङ जिल्लाको बन्सार आसपास केन्द्रबिन्दु भएर ३.९ रेक्टरस्केलको भूकम्प गएको थियो । नेपाल हिमालय क्षेत्र भएकाले विभिन्न समयमा भूकम्प जाने गरेको छ । ***रासस***



चितवनको भरतपुर महानगर क्षेत्रमा निर्वाचन प्रचारप्रसार गर्दै नेमकिपाका उम्मेदवारलगायत कार्यकर्ताहरू आइतबार ।

*तस्बिर : सरोज तामाङ/मजदुर दैनिक*

# नारायणगढ बजार क्षेत्रमा स्थलगत अनुगमन

नारायणगढ (चितवन), १० फागुन । भरतपुर महानगरपालिकाअन्तर्गत पर्ने मुख्य बजार क्षेत्रमा यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि आइतबार प्रमुख जिल्ला अधिकारी गणेश अर्यालसहित सुरक्षा निकायका प्रमुखले स्थलगत अनुगमन गर्नुभएको छ ।

उहाँहरूले नारायणगढको लाइन्सचोकदेखि पुल्चोकसम्मको क्षेत्रमा अनुगमन गर्नुका साथै सर्वसाधारण, सवारी चालक तथा व्यवसायीलाई ट्राफिक नियमको पालना गर्न सचेतना गराउनुभएको हो ।

प्रमुख जिल्ला अधिकारी अर्यालले सवारीसाधन जथाभावी रोक्दा दुर्घटनाको जोखिम बढ्ने, यात्रुलाई असहजता हुने तथा व्यवसायीहरूलाई असर पर्ने भएकाले यातायात व्यवस्थापन सबैको दायित्व रहेको बताउनुभयो । उहाँले स्थलगत रूपमा नै चालक, व्यवसायी र यात्रुको समस्या बुझ्दै सबै पक्षलाई सजग गराउनुभएको थियो । सवारीसाधन अव्यवस्थित रूपमा रोकिँदा हुने समस्या औँल्याउँदै उहाँले महानगरपालिका र डिभिजन सडक कार्यालयलाई बिग्रिएको सडक मर्मत तथा सुधार गरी व्यवस्थित बनाउन निर्देशन दिनुभयो ।


साथै, उहाँले व्यवसायीहरूले पसल बाहिर राखेका सामग्री हटाउन र तोकिएको स्थानमा मात्र पार्किङ गर्न, चालकलाई नियमअनुसार सवारी चलाउन, यात्रुहरूले तोकिएको स्थानमा बाटो काट्न र हिँड्न, साथै सुरक्षाकर्मीले नियम नमान्नेहरूलाई कारबाही गरी सचेत गराउन निर्देशन दिनुभएको थियो । उहाँले भन्नुभयो, "यातायात व्यवस्थापनका लागि सर्वपक्षीय निर्णय भएको छ । सबै सरोकारवालाबिच भएको निर्णयअनुसार पालना गर्नुपर्छ, अन्यथा कारबाही हुन्छ ।" नियम पालना नगरेको अवस्थामा सम्झाउँदा अटेर गरे कानुनअनुसार कारबाही गरिने उहाँले स्पष्ट पार्नुभयो ।

अनुगमनका क्रममा डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख नारायणप्रसाद लामिछानेले बजार क्षेत्रमा कुनै सडक बिग्रिएको खण्डमा तत्काल मर्मत गरिने बताउनुभयो । उहाँले सडक नियमको पालना गर्न सबैमा आग्रह गर्नुभयो । लामिछानेले उक्त बजार क्षेत्र एसियाली मापदण्डअनुसारको राजमार्गअन्तर्गत पर्ने भएकाले सोहीअनुसार व्यवस्थित हुनुपर्ने र सबैले ट्राफिक नियमको अनिवार्य रूपमा पालना गर्नुपर्ने धारणा राख्नुभयो ।

जिल्ला ट्राफिक कार्यालय चितवनका प्रमुख अनिल थापाले यातायात व्यवस्थापन समितिको बैठकबाट भएका निर्णय कार्यान्वयन गर्न आफूहरू सक्रियतापूर्वक लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "यो कार्यान्वयन पहिलेदेखि नै हुँदै आएको हो, तर थप व्यवस्थित बनाउन कडाइका साथ अघि बढेका छौँ ।"

थापाले आजको अनुगमनका क्रममा सचेतना गराउने कार्य गरिएको उल्लेख गर्दै यसलाई हरेक दिन निरन्तरता दिइने र निर्णय पूर्ण रूपमा कार्यान्वयन गरेरै छाड्ने स्पष्ट पार्नुभयो ।

## हार्दिक समवेदना



यस भक्तपुर आदर निकेतनमा आबद्ध ज्येष्ठ सदस्य **गंशकुमारी प्रजापति**को असामयिक निधनको खबरले हामी दुखीत छौँ । यस दुःखद घडीमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**जन्म : २०१०।०२।२५**
**निधन : २०८२।१०।२९**

**भक्तपुर आदर निकेतन परिवार**
च्याम्हासिंह, भनपा-९

# बाढी, वन्यजन्तु र शिक्षाको अभावबिच बगुवनका बासिन्दा

मध्यबिन्दु (नवलपरासी), १० फागुन । प्रतिनिधिसभा निर्वाचनको सरगर्मी बढ्दै जाँदा नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयी त्रिवेणी गाउँपालिका-१ बगुवन गाउँका बासिन्दा भने चुनावी नाराभन्दा आफ्नो दैनिक सङ्घर्षको समाधान खोजिरहेका छन् । बर्सेनि डुबान, आधारभूत पूर्वाधारको अभाव, माध्यमिक तहको विद्यालय नहुँदा शिक्षा छाड्ने बाध्यता र रोजगारीको सीमित अवसर यहाँका मुख्य समस्या बनेका छन् ।

नारायणी नदी र विनयी खोलाको बिचमा अवस्थित यो बस्ती वर्षा लाग्नेबित्तिकै जोखिममा पर्ने हुँदा राति पानी परेपछि बाढी पस्ला कि भन्ने त्रासले धेरै परिवार निद्रा त्यागेर जाग्राम बस्ने बाध्यता रहेको स्थानीय सीता सोमै मगरले बताउनुभयो । "बाढी कहिले आउँछ ठेगान हुँदैन, पानी पर्यो कि हामीलाई रातभरि डर नै डर हुन्छ । चुनावमा तटबन्ध बनाउने कुरा धेरै सुन्यौँ, तर काम देखेका छैनौँ," उहाँले भन्नुभयो ।

दुई सय सात घरपरिवार बसोबास गर्ने यस गाउँमा माध्यमिक तहसम्मको विद्यालयसमेत छैन । यहाँ रहेको आधारभूत विद्यालयसमेत वर्षायाममा डुबानमा पर्ने भएकाले नियमित पठनपाठन प्रभावित हुने गरेको लक्ष्मी आधारभूत विद्यालयका प्रधानाध्यापक खोरबहादुर खत्रीले बताउनुभयो । उहाँले भन्नुभयो, "कक्षा ८ पछि पढाइ जारी राख्न विद्यार्थीलाई सात-आठ किलोमिटर टाढा जानुपर्छ । दुर्गम बाटो, वन क्षेत्र र यातायात अभावका कारण धेरै किशोरकिशोरीले पढाइ बिचमै छाड्ने गरेका छन् ।"

माध्यमिकसम्मको अध्ययन पूरा गर्न गाउँदेखि धेरै टाढा जानुपर्ने हुँदा धेरै बालबालिकाले बिचमै पढाइ छाड्ने गरेको स्थानीय दलबहादुर मगरले बताउनुभयो । खोला र जङ्गल पार गरेर जानुपर्ने हुँदा चितवन राष्ट्रिय निकुञ्जको जनावरसँगै वर्षाका बेला बाढीको डर हुने गरेको उहाँले गुनासो गर्नुभयो । "छोराछोरीलाई टाढाको विद्यालय पठाउन सजिलो छैन । बाटो पनि सुरक्षित छैन, खर्च पनि धान्न गाह्रो हुन्छ । त्यसैले धेरैले पढाइ छाड्छन्," उहाँले भन्नुभयो ।

यो बस्ती चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने भएकाले वन्यजन्तुको जोखिम अर्को स्थायी समस्याका रूपमा रहेको स्थानीय भुवन सिंहले बताउनुभयो । साँझपख खेतबारी जानु वा राति आवतजावत गर्नु स्थानीयका लागि जोखिमपूर्ण रहने गरेको उहाँले गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि स्थायी समाधान गर्ने उपाय सरकारले पुर्याउन सकेको छैन । चुनावताका नेताहरू सबै समस्या हल गर्छौं भन्नुहुन्छ, चुनावपछि जतिभन्दा पनि सुन्नुहुन्न ।"

यस क्षेत्रका युवापुस्ता रोजगारी अवसरको खोजीमा छन् । गाउँमा कृषिबाहेक अन्य आयआर्जनका सम्भावना न्यून छन् । सीपमूलक तालिम, साना उद्यम वा स्वरोजगार कार्यक्रमको पहुँच नहुँदा धेरै युवायुवती वैदेशिक रोजगारी वा सहर पलायनको विकल्प रोज्न बाध्य भएको स्थानीय पवन ढेगा मगरले बताउनुभयो ।

उहाँले भन्नुभयो, "काम गर्ने इच्छा छ, तर गाउँमै केही अवसर छैन । तालिम र लगानी पाए यहाँ पनि केही गर्न सकिन्थ्यो । युवाहरूलाई गाउँमै रहेर आयआर्जन गर्न सक्ने वातावरण बनाउन सरकारले ध्यान दिनुपर्ने हो तर त्यो अहिलेसम्म हुन सकेन ।"

मगर, दलित तथा केही कुमाल समुदायको मात्र बसोबास रहेको यस गाउँमा सरसफाइ र जनचेतनाको स्तर पनि न्यून रहेको स्थानीय तहका प्रतिनिधि बताउँछन् । स्वास्थ्य, शिक्षा र पोषणजस्ता जनचेतनामूलक कार्यक्रमको यहाँ खाँचो देखिएको विनयी त्रिवेणी गाउँपालिका-१ की वडासदस्य मोतिसरा लोहनीले बताउनुभयो । उहाँले भन्नुभयो, "गाउँभित्र सडक त निर्माण भएको छ तर बिचमा खोला र जङ्गल पर्ने भएकाले पूरा हुन पाएको छैन । सुगम ठाउँमा भएर पनि विकट बनेको बस्तीमा शिक्षा र चेतनास्तर अभिवृद्धि गर्न विशेष पहल गर्नुपर्छ ।"

गण्डकी प्रदेशको गौरवको आयोजनाअन्तर्गत रहेको कोरला-त्रिवेणी सडक क्षेत्रभित्र रहेको बगुवनगाउँ त्रिवेणीमार्ग नखुल्दा पनि विकट बन्न पुगेको विनयी त्रिवेणी गाउँपालिका-१ का वडाध्यक्ष दीपक पौडेलले बताउनुभयो । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र रहेको गाउँ भएकाले विकास निर्माण र भौतिक पूर्वाधारका काममा धेरै अवरोध सहनुपरेको अध्यक्ष पौडेलको भनाइ छ । "बगुवन-दुम्कीवास सडक, नदी नियन्त्रण, सुरक्षित आवास, माध्यमिक विद्यालय स्थापना र आयआर्जनका कार्यक्रमलाई समग्र विकासको प्याकेजका रूपमा सङ्घीय सरकारले नै अघि बढाउनुपर्ने देखिन्छ," उहाँले भन्नुभयो ।

बाढीबाट सुरक्षित बस्ती, गाउँमै पढ्न पाउने विद्यालय र युवालाई गाउँमै टिकाउने रोजगारीका अवसर सृजना गर्ने योजना स्थानीयको मुख्य चासोको विषय वनेका छन् । वगुवनका जनताको एउटै भनाइ छ, "यसपटकको नेतृत्वले विकासका अधूरा बाचा होइन, परिणाम दिने कामको थालनी गरोस् ।" ***रासस***

# दार्चुलाका जनता देश बचाउन लड्ने दलप्रति सकारात्मक

दार्चुला, १० फागुन । नेपाल मजदुर किसान पार्टीले गोकुलेश्वर बजारमा निर्वाचन प्रचारप्रसार गर्दै घरदैलो कार्यक्रम गऱ्यो ।

कार्यक्रममा मतदाताहरूमाझ नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् दार्चुलाका उम्मेदवार रमेशकुमार रावलले पुँजीवादी व्यवस्थाको निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित र कानुनसम्मत हुनेछैन भन्नुभयो ।

उहाँले निर्वाचनबाट आमूल परिवर्तन वा समाजवाद नआउने उल्लेख गर्दै निर्वाचनलाई एक वर्गसङ्घर्ष र जनताको चेतनास्तर नाप्ने ब्यारोमिरको रूपमा लिएको स्पष्ट पार्नुभयो । "यो निर्वाचनबाट पनि स्थायी सरकार बन्ने, सुशासनसँगै जनताले सुख पाउने सङ्केत



छैन," उहाँले भन्नुभयो ।

नेमकिपाका उम्मेदवारलाई जिताए जनताको सुन्दर भविष्य बनाउन मद्दत पुग्ने विचार व्यक्त गर्दै उहाँले नेमकिपाले एक आदर्श समाज ल्याउने आन्दोलनको रूपमा भूमिका निर्वाह गर्नेमा जोड दिनुभयो ।

उहाँले भन्नुभयो, "देश र जनताको इमानदारीपूर्वक निःस्वार्थ सेवा गर्न नेमकिपा प्रतिबद्ध रहनेछ । देश र जनताको अहित हुने ऐन कानुन र शासक दलका गतिविधिविरुद्ध विगतमा झैँ सम्झौताहीन सङ्घर्ष गर्नेछ ।"

यस्तै घरदैलो, कोणसभा र चुनावी प्रचार कार्यक्रम जनमत पार्टी, प्रलोपा, र ाजपा, नाउपा र नेकपालगायत दलका उम्मेदवारले पनि गरेका छन् । दार्चुलाका बासिन्दाहरू देश बचाउन लड्ने दलका उम्मेदवारहरूलाई मतदान गर्नुपर्ने अभिमत राख्छन् । ठुला दलहरूको प्रभाव भएको दार्चुलामा नेमकिपाको पनि जनतामा छाप परेको स्थानीय जनता बताउँछन् ।

। सम्पादकीय ।

# सोचविचार गरेर मतदान गरौँ

देशको राजनीति र चुनावी बहस जिम्मेवारी बोधभन्दा लोकप्रियता, नीतिभन्दा नारा र संस्थाभन्दा व्यक्तिमा केन्द्रित हुनु राम्रो सङ्केत होइन । काम गरेर देखाउनु भन्दा आश्वासन बाँडेर जनताको मत लिने काममा लाग्नु दलका नेताहरूको कमजोरी हो । निर्वाचनको बेला शासक दलहरू यो गर्ने र त्यो गर्ने भनी जनताको मत लिन्छन् । सरकारमा पुगेपछि उनीहरू न घोषणापत्रबमोजिम काम गर्छन् न त जनतामाफ गरेका प्रतिबद्धता नै व्यवहारमा लागू गर्छन् । निर्वाचनलाई जनताको मत लिनको निम्ति आश्वासन बाँड्ने माध्यम बनाइएको छ । निर्वाचन एक राजनीतिक सङ्घर्ष हो । यो एक प्रकारको वर्गसङ्घर्ष हो । यो बेला जनताले विभिन्न दलको घोषणापत्र या प्रतिबद्धताबारे बुझ्ने मौका पाउँछन् । सबै दलको कुरा सुनेर, बुझेर जनताले मतदान गर्ने हो । यसकारण, नेमकिपाले निर्वाचनलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर भनेको हो । जनताले दिएको मतदानको आधारमा जनताको राजनीतिक, वैचारिक या सैद्धान्तिक स्तरको मूल्याङ्कन गर्न सकिन्छ ।

जनतामा राजनीतिक र सांस्कृतिक स्तर नभएकै कारण कति मत लहैलहैमा खसालेको हुन्छ । कति मत जित्नेलाई भन्दै राखिएको हुन्छ । कति मत लोभलालच र पैसामा बिकेको हुन्छ । जनताको यस्तै यस्तै मतले गर्दा संसद्मा जिताउनुपर्ने व्यक्ति हारेको हुन्छ; हराउनुपर्ने मान्छे जितेको हुन्छ । प्रतिनिधिसभाको यो निर्वाचनमा पनि स्थानीय तहको निर्वाचनमा जस्तै विकासको सपना बाँडिएको हुन्छ । विकासको सपनामा भुलेर पनि जनताले मत हालेको हुन्छ । अझै संसद्को मुख्य काम र केन्द्र प्रधानमन्त्री होइन बरु आवश्यक नीति र ऐनको निर्माण गर्ने भन्ने कुरा थाहा छैन । उम्मेदवारहरू नै सांसदको काम गाउँ-ठाउँमा विकास ल्याउने कुरा फुक्छन् । निर्वाचित सांसदहरू आ-आफ्नै जिल्लामा बसेर जनताको सेवा गर्ने र देशको सन्तुलित विकास गर्न पाउने कानुनी व्यवस्था गराउने कुरा भुल्छन् ।

सांसदले आफ्नो गाउँ, ठाउँ हेर्ने होइन । समग्रमा देशको सन्तुलित विकास कसरी गर्ने ? त्यसको निम्ति के कस्ता नीति नियम ल्याउने र सो लागू गर्नेतर्फ सांसदको ध्यान जानुपर्ने हो । देशको द्रुततर विकास गर्न दुर्गम क्षेत्रमा रोपवे (रज्जुमार्ग), केबुलकार र सुरुङ मार्ग, रेलमार्ग, विद्युतीय सवारी साधन सञ्चालन गर्नेतर्फ सरकारको ध्यान जानुपर्छ । देशमा बढीभन्दा बढी विद्युत् उत्पादन गरेर देशभर बिजुली पुऱ्याउने र बाँकी भएको बिजुली छिमेकी देशलाई बेचेर आयस्रोत जुटाउनुपर्छ । देशभर बिजुली पुग्नु भनेको स-साना उद्योगधन्दा विस्तार हुनु पनि हो । स-साना घरेलु उद्योग, उद्योग, कारखाना खोलेपछि जनताले काम पाउँछन्; जीवन जोहो गर्न सजिलो हुन्छ र विदेश जानुपर्ने बाध्यता हुँदैन । यसले समाज, देशको मात्र होइन आफ्नो जीवनस्तर पनि बढ्नेछ ।

कृषि उत्पादन बढाउन आवश्यक र सम्भव भएका ठाउँहरूमा नहर बनाएर सिँचाइको व्यवस्था भए उत्पादन स्वाभाविक रूपमा बढ्छ । देशभर सिँचाइको व्यवस्था नभएर पनि उत्पादन घटेको हो । यसको निम्ति सांसदले सदनमा बोल्ने हो; काम गराउन सरकारको ध्यानाकर्षण गराउने हो । सांसदहरूले देशमै नयाँनयाँ बीउबिजनको व्यवस्था गर्ने, कृषकहरूलाई राहत दिन रासायनिक मल कारखाना खोल्ने व्यवस्थाको निम्ति आवाज उठाउने हो । जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीको छोराछोरीलाई वंशजको आधारमा नेपाली नागरिकता दिने कानुनी व्यवस्था खारेज गराउनेतर्फ सांसदहरू उभिनुपर्छ ।

विकासको नाउँमा हरेक उद्योग, कारखाना, प्राकृतिक स्रोत र साधनमा विदेशी पुँजी लगानी गर्ने सोच बदल्नुपर्छ । विदेशी पुँजीको लगानी र खोलेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कारण नेपाली भूमिमा विदेशी शक्ति राष्ट्रहरूको चलखेल बढ्नेछ र देश साम्राज्यवादीहरूको नवउपनिवेश बन्ने छ । भ्रष्टाचारीहरूमाथि कारबाही हुनुपर्छ । उनीहरूले पदको दुरुपयोग गरी कुम्ल्याइएको सम्पत्ति राष्ट्रिकरण हुनुपर्छ । देश र जनताका यी आवश्यकता सम्बोधन गर्न संसद्ले नीति निर्माण गर्ने हो ।

पैसा, उपहार र पदको लोभमा कुनै नेपालीले विदेशीको दलाल गर्नु हुँदैन । निर्वाचनमा कुनै विदेशी दलाललाई निर्वाचित गर्नु हुँदैन । जनताले निर्वाचित गरेका सांसदहरू गतिला भएनन् भने देशमा फनफन् आर्थिक सङ्कट निम्तिने छ; देश परनिर्भर बन्दै जानेछ । यसको कारण जनताले दुःख पाउनेछन् । देश विकास नहुनुको कारण पनि सरकारकै लापरबाही हो; शासकहरू देश र जनताप्रति जिम्मेवार र दूरदर्शी नभएकाले हो । यसकारण, यो निर्वाचनमा हरेक मतदानले आ-आफ्नो अमूल्य भोट हचुवाको भरमा राख्ने होइन, सोच विचार गरेर मतदान गर्नुपर्छ ।

# नारामा महिला समावेशी प्रतिनिधित्व नगण्य

✍ डा. समिना लुफ्था

अन्ततः बङ्गलादेशमा बिहीबार सम्पन्न १३ औं राष्ट्रिय निर्वाचनमा बङ्गलादेश नेसनल पार्टी (बीएनपी) ले दुईतिहाइ मत ल्याएर ऐतिहासिक विजय हासिल गऱ्यो । चुनाव तुलनात्मक रूपमा निष्पक्ष र मतदाताको उल्लेख्य सहभागिता थियो । निर्वाचन हिंसारहित भए पनि निर्वाचनपछि हुनसक्ने सम्भाव्य हिंसाबारे भने चासो बढेको छ । सम्भावित हिंसालाई मनन गर्दै बीएनपीले विजयोत्सव मनाएन । २४ जुलाईको विद्रोहपछिको निर्वाचनसँगै देश पुनः लोकतान्त्रिक मार्गमा फर्किएको छ, तथापि



चुनावमा भएका महिलाको प्रतिनिधित्वलाई लिएर राजनीतिक दलको आलोचना बढिरहेको छ ।

अवामी लिगको अनुपस्थितिले मतदाताको उत्साहमा असर गऱ्यो । पार्टीमाथिको प्रतिबन्धका कारण धेरै समर्थक चुनावमा सहभागी भएनन् । केही कार्यकर्ता प्रतिशोधको डरले मतदानमा सहभागी भएनन् किनभने ती खुला रूपमा पार्टीसँग आबद्ध थिए । राजनीतिक घटनाक्रमबिच कोही देश छाडेर भागेका छन् । मौन समर्थक, जसले सार्वजनिक रूपमा आफ्नो निष्ठाबारे बोलेनन्, तीमध्ये केहीले मतदान गरे ।

यस चुनावमा चिन्ताको एउटा प्रमुख क्षेत्र महिला प्रतिनिधित्व थियो । म लामो समयदेखि यसबारे लेख्दै आएकी छु । जुलाईको राष्ट्रिय बडापत्रमा दलहरूले कम्तीमा पाँच प्रतिशत महिला उम्मेदवारलाई मनोनयन गर्ने वाचा गरेका थिए । तैपनि, निर्वाचनमा भाग लिने ३० राजनीतिक दलमध्ये कुनैले पनि त्यो प्रतिबद्धता पूरा गरेनन् । मतदान सुरु हुनुभन्दा धेरै अघि उनीहरूले आफ्नो वाचा तोडे । उच्चतम मनोनयन दर चार प्रतिशतभन्दा केही बढी मात्र थियो ।

महिला प्रतिनिधित्वको सन्दर्भमा राजनीतिक दलहरूले यस्तो कमजोर प्रदर्शन गरेकोमा लज्जित हुनुपर्छ । यो असफलता विशेषगरी पीडादायी छ, किनकि जुलाई विद्रोहमा महिला केन्द्रमा थिए । उनीहरूको सहभागिताले राजनीतिक स्थान सिर्जना गर्न मद्दत गऱ्यो, जहाँ यी दल चुनाव लड्न सक्षम भए । तैपनि, विद्रोहमा उनीहरूको आवाज र उपस्थिति संस्थागत वा औपचारिक राजनीतिक प्रतिनिधित्वमा रूपान्तरण भएको छैन । विगत पाँच दशकमा बङ्गलादेशको उपलब्धिलाई ध्यानमा राख्दै यो पछाडि हट्नु विशेषगरी चिन्ताजनक छ । देशले धेरै लैङ्गिकता र विकास सूचकमा राम्रो कार्य प्रदर्शन गरेको छ । देशलाई प्रायः यस क्षेत्रमा महिला सशक्तीकरणको च्याम्पियनका रूपमा वर्णन गरिएको छ । राजनीतिक सहभागिताका लागि यो कुनै समय दक्षिण एसियामै उच्च स्थानमा थियो ।

तर, विगत डेढ वर्षमा, संसद् र सरकारमा महिलाको नगण्य उपस्थिति (जम्मा तीन जना) का कारण देश पहिले नै महत्त्वपूर्ण क्षेत्रमा महिलाको प्रतिनिधित्वका दृष्टिले जोखिममा थियो । अब, संसद्मा केवल सात महिला निर्वाचित भएका छन् । यद्यपि, ३०० सीट रहेको सदनमा ५० सीट महिलाका लागि छुट्याइएको छ, जुन विभिन्न दलले प्राप्त गरेको मतभारका आधारमा वितरण हुनेछ । जे होस्, समग्र तस्बिर निराशाजनक छ । राजनीतिक सहभागिता र नेतृत्वमा लैङ्गिक समानताको सन्दर्भमा बङ्गलादेश पछाडि धकेलिँदै छ । यो गहिरो चिन्ताको विषय हो । नयाँ सरकारबाट अपेक्षाको सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण कुरा यो हो कि दुईतिहाइको दम्भमा हिंसालाई प्रश्रय दिनुहुँदैन । ऐतिहासिक रूपमा बङ्गलादेश चुनावपछिको हिंसाका घटनाको साक्षी बनेको छ । प्रायः पराजित पक्ष साथै सीमान्तकृत समुदाय र महिला र बालबालिकालाई लक्षित गर्दै यस्ता हिंसा भएका थिए । देशले त्यो ढाँचाको पुनरावृत्ति सहन पनि सक्दैन । शान्ति र कमजोर समूहको सुरक्षा सुनिश्चिततालाई तत्काल प्राथमिकता दिनुपर्छ ।

नयाँ सरकारले देशभर कानुन र व्यवस्था कायम राख्ने कुरा पनि सुनिश्चित गर्नुपर्छ । यसबाहेक, यसले आफ्नो घोषणापत्रमा गरिएका प्रतिबद्धता, विशेषगरी महिला सशक्तीकरणको सम्बन्धमा सम्मान गर्नुपर्छ । अभियानको समयमा वाचा गर्न सजिलो हुन्छ, तर कार्यान्वयन गाह्रो हुन्छ । महिलालाई राजनीतिमा प्रवेश गर्न मात्र नभई यसमा अर्थपूर्ण भूमिका कायम राख्न सम्भव बनाउने संस्थागत उपाय हुनुपर्छ । त्यहाँ पर्याप्त अनिश्चितता पनि छन् । जुलाईको बडापत्र र पार्टी घोषणापत्रमा प्रतिज्ञाहरू थिए र केही अवस्थामा तिनीहरू द्वन्द्वमा छन् । यी प्रतिबद्धता कसरी मिलाउने भन्नेबारे भ्रम छ । देशलाई चाहिने भनेको लोकतन्त्रका लागि स्पष्ट मार्ग र नागरिकको अधिकार रक्षाका लागि स्पष्ट रूपरेखा हो । महिलाको वित्तीय सशक्तीकरणका लागि योजनाहरू कसरी वास्तविक निर्णय लिने शक्तिमा रूपान्तरण हुनेछन् भन्नेबारे पनि स्पष्टता हुनुपर्छ ।

विपक्षी दलका लागि परिणाम केही हिसाबले पहिले नै सफल छन् । जमात-ए-इस्लामीले यति धेरै सीट जित्ला भन्ने अपेक्षा थोरैले मात्र गरेका थिए । यो संसद्मा अहिलेसम्म जितेको सबैभन्दा धेरै सीट देखिन्छ । एक वर्ष पुरानो पार्टी एनसीपीको प्रदर्शन भने उत्साहप्रद हुन सकेन । यद्यपि, उनीहरूका लागि एक महत्त्वपूर्ण उपलब्धि हो । अब अपेक्षा यो छ कि उनीहरूले जिम्मेवार विपक्षी दलका रूपमा काम गर्नेछन् । एकतर्फी आलोचनाले लोकतन्त्रलाई बलियो बनाउँदैन । आवश्यक कुरा रचनात्मक संलग्नता हो । उनीहरूले सहज लोकतान्त्रिक सङ्क्रमण सुनिश्चित र अनावश्यक अवरोध सिर्जना गर्नबाट जोगिन सरकारसँग मिलेर काम गर्नुपर्छ । साझा लक्ष्य देशको लोकतान्त्रिक यात्राको रक्षा र सबै नागरिकको अधिकार सुरक्षित भएको सुनिश्चित हो ।

*(डा. लुफ्था ढाका युनिभर्सिटीको डिपार्टमेन्ट अफ सोसोलोजीकी प्राध्यापक हुन् ।)*

*बङ्गलादेशको डेली स्टारबाट*

# अदालतको फैसलाले अमेरिका-चीन व्यापार सम्बन्धमा अन्योल

राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाउँदै आएका व्यापक करलाई अमेरिकी सर्वोच्च अदालतले खारेज गरिदिएपछि अमेरिका-चीन व्यापार सम्बन्ध नयाँ अनिश्चिततामा प्रवेश गरेको छ । अदालतको शुक्रबारको फैसलाले पेइचिङको हात केही बलियो देखिए पनि विश्लेषकहरूले ट्रम्पसँग कर लगाउने वैकल्पिक कानुनी उपायहरू अझै बाँकी रहेकाले स्थिति जटिल नै रहने आकलन गरेका छन् ।

ट्रम्पको बहुप्रतीक्षित पेइचिङ भ्रमणअघि दुवै देश नाजुक व्यापार युद्धविराम जोगाउने प्रयासमा छन् । वासिङटनस्थित स्टिम्सन सेन्टरका चीन कार्यक्रम निर्देशक सन युनले यस फैसलाले शिखर सम्मेलनअघिको वार्तामा चीनलाई 'नैतिक प्रोत्साहन' दिने भए पनि व्यावहारिक रूपमा ठूलो परिवर्तन नआउने बताउनुभयो ।

अदालतले सन् १९७७ को कानुनले राष्ट्रपतिलाई व्यक्तिगत देशहरूमा एकतर्फी रूपमा कर लगाउने अधिकार नदिएको ठहर गरेको थियो । फैसलाप्रति असन्तुष्टि जनाउँदै ट्रम्पले अस्थायी १० प्रतिशत विश्वव्यापी करलाई १५ प्रतिशतमा बढाउने र अन्य कानुनी मार्ग खोज्ने सङ्केत दिएका छन् । उनले चीनसँगको ठूलो व्यापार घाटालाई औँल्याउँदै उक्त नीति आवश्यक रहेको दाबी गरे । "राष्ट्रपति सीसँग मेरो राम्रो सम्बन्ध छ तर अहिले उहाँ हाम्रो देशको सम्मान गर्नुहुन्छ," ट्रम्पले भने ।

ह्वाइट हाउसका अनुसार मार्च ३१ देखि अप्रिल २ सम्म चिनियाँ राष्ट्रपति सी चीनफिङसँग भेटवार्ता तय गरिएको छ । अन्तर्राष्ट्रिय क्राइसिस ग्रुपका अली वेनका अनुसार सीले अदालतको फैसलालाई सार्वजनिक रूपमा प्रयोग गर्नेभन्दा ट्रम्पसँगको व्यक्तिगत सम्बन्ध सुदृढ पार्ने रणनीति रोज्न सक्नुहुन्छ, जसले व्यापार युद्धविरामलाई टिकाइराख्न मद्दत पुऱ्याउन सक्छ ।

चिनियाँ दूतावासका प्रवक्ता लिउ पेङ्गयुले कर र व्यापार युद्ध कुनै देशको हितमा नरहेको बताउँदै आर्थिक तथा व्यापार सहकार्यमार्फत विश्व अर्थतन्त्रमा स्थिरता ल्याउन आह्वान गर्नुभयो ।

यस निर्णयले एसिया तथा अन्य अमेरिकी व्यापार साझेदारहरूमा पनि अन्योल बढाएको छ । द एसिया ग्रुपका डान क्रिटेनब्रिङ्कले धेरै एसियाली देशहरूले सावधानीपूर्वक कदम चाल्ने अपेक्षा व्यक्त गर्नुभयो । जापानका प्रधानमन्त्री साने ताकाइचीको आगामी वासिङटन भ्रमणअघि टोकियोमा पनि यसको प्रभाव मूल्याङ्कन भइरहेको बताइएको छ ।

ट्रम्पले गत वर्ष आपत्कालीन शक्तिको प्रयोग गरी चिनियाँ वस्तुमा २० प्रतिशत कर लगाएका थिए, जसलाई पछि विस्तार गरी चीनमा ३४ प्रतिशतसम्म पुऱ्याइएको थियो । पेइचिङले प्रतिशोधस्वरूप आफ्नै कर बढाएपछि स्थिति तीन अङ्कसम्म पुगेको थियो । त्यसपछि दक्षिण कोरियामा भएको शिखर सम्मेलन र चरणबद्ध वार्तापछि दुवै देश १० प्रतिशत आधारभूत करसहित एकवर्षे व्यापार युद्धविराममा सहमत भएका थिए ।

एसिया सोसाइटी पोलिसी इन्स्टिच्युटकी वेन्डी कटलरका अनुसार अमेरिकी प्रशासनले वैकल्पिक योजना तयार पार्न सक्ने सम्भावना छ । यदि चीनले अघिल्लो व्यापार सम्झौताअनुसार दायित्व पूरा नगरेको ठहर भएमा अमेरिकी कानुनअन्तर्गत पुनः कर लगाउन सकिने व्यवस्था रहेको उनले बताए ।

परामर्शदाता कम्पनी टेनिओका ग्याब्रियल विल्डाउका अनुसार ट्रम्पले अघिल्लो कार्यकालमा जस्तै अन्य कानुनी आधार प्रयोग गरी कर पुनः लागू गर्नसक्ने सङ्केत दिएका छन् । यद्यपि, पेइचिङले खरिद ग्यारेन्टी वा अन्य छुटका सर्तमा कर घटाउन ट्रम्पलाई राजी गराउन सकिने आशा राखेको विश्लेषण गरिएको छ ।

स्रोत : एपी

# पहिलो विवरण

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ। 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन्। के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ। यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो।)*

चीन एउटा बहुराष्ट्रिय वा बहुजातीय देश हो। तिब्बत यसको सबैभन्दा ठुलो उपविभाजन हो। ७०० वर्षदेखि तिब्बत चीनको अभिन्न अङ्ग भई आएको छ।

तिब्बतको चीनसितको ऐतिहासिक सम्बन्ध सन् ६४१ मा सुरु भएको थियो। तिब्बतका प्रख्यात राजा स्रङ्चन गम्पो (Srontsan Gampo) ले ताङ वंशका राजकुमारी वेनचेङ (Wen Cheng) सँग विवाह गरी नजराना तिरेदेखि तिब्बतको चीनसँग ऐतिहासिक सम्बन्ध सुरु भयो। तिनले दाइजोका रूपमा तिब्बतमा बुद्ध धर्म, रेशम कीराहरू, कागज बनाउने, पानी घट्ट, हस्तकलाकर्मीहरू, रक्सी बनाउने मानिसहरू, रेशम बुन्ने जुलाहाहरूजस्ता ताङका उच्च प्रविधिहरू ल्याएको कुरा तिब्बतका लोककथा तथा गीतहरूमा पाइन्छ।

राजकुमारी वेनचेङले बुद्ध धर्मका लागि उपयुक्त वातावरण कायम गरिन्। यस कार्यमा स्रङ्चन गम्पो र तीनका अर्का श्रीमती नेपालका राजकुमारी भृकुटीले पनि सहयोग गरिन्।

राजकुमारी वेनचेङले मन्दिर निर्माण गरेको एक शताब्दीपछि तिब्बतका अर्का एक राजाले ताङ वंशकै एक राजकुमारीसँग बिहे गरे। सन् ८२१ मा ताङ शासक मु त्सुङ (Mu Tsung) ले ल्हासाको जोखाङ (Jokhang) मठ सामुन्ने एउटा शिलालेख 'काका र भाइबहिनीहरूको एकताको लागि' (to the unity of uncle and nephew) राख्न लगाए।

'कुब्ला खाँ (Kublai Kha) ले पश्चिमी भित्तेपात्रोअनुसार १२५० मा तिब्बतलाई चीनसँग गाभेका हुन्। कुब्ला खाँले 'तिब्बतलाई चीनसँग गाभ्ने' कुरो कहिल्यै सोचेको नहुनसक्छ। उनले आफू मङ्गोल शासक भएको नाताले चीन र तिब्बत दुवैलाई मङ्गोल शासनमा गाभ्न सोचेका थिए होलान्। तर मङ्गोलहरू, तिब्बतीहरू र हानहरू सबैजना कुब्ला खाँले ती सबैलाई एउटै शासनमा ल्याउने र पेचिङलाई राजधानी बनाउने कुरामा राजी भए। यो 'राजनैतिक एकीकरण' मा हान (Han) जातिको जनसङ्ख्या र संस्कृतिको बाहुल्यताले इतिहासमा त्यसलाई चीन भनियो र आजसम्म यसले निरन्तरता पायो। तिब्बत यसको एउटा भागमात्र रह्यो। समग्र चीन धेरैचोटि लडाइँहरूमा विभाजित भयो। जब चीन टुक्रिन्थ्यो, तिब्बत पनि अरुजस्तै टुक्रिन्थ्यो। चीन बलियो केन्द्रीय सरकारमा एकीकरण भएपछि तिब्बत फेरि यसको भागको रूपमा रहन्थ्यो। तिब्बतमा तेहौँ दलाइ लामाले 'मुक्ति' को घोषणा गरे, यसमा कहिल्यै मतैक्य हुन सकेन। चियाङ काईसशेक (Chieng Kai Shek) को सरकारले कहिल्यै पनि चीनको बाहिरी भू-भागहरू मञ्चुरिया, भित्री मङ्गोलिया, सिन्कियाङ ( Sinkiang) अर्थात् तिब्बत एकीकरण गर्न सफल भएन। त्यतिबेलासमेत तिब्बतीहरूले कोमिङताङ (Kuomintang) सरकारबाट १४ औँ दलाइ लामा र दसौँ पन्चेन एर्डेनीलाई विधिपूर्वक नियुक्त गरे। १९४२ र १९४६ मा तिब्बतको स्थानीय सरकार कासाग (Kashag) ले च्याङ काईशेक सरकारको 'चीनको राष्ट्रिय प्रतिनिधिसभा' (National Congress of China) क्रमश: चुनकिङ (Chunking) र पछि नानकिङ ( Nanking) मा प्रतिनिधिहरू पठाए।

तिब्बतको चीनसँगको सो स्थायी सम्बन्धमा विदेशी शक्तिहरूको चलखेलको कारण गतिरोध आएको थियो। सातौँ शताब्दीसम्म कुनै पनि विदेशी शक्तिले ल्हासामा आफ्नो राजदूत पठाएको थिएन अर्थात् तिब्बतलाई छुट्टै राष्ट्रको रूपमा हेरेको थिएन। १९०४ मा बेलायतले ल्हासामा सन्धि गरेको बेलामा समेत ७,५०,००० स्टर्लिंग पाउनको रसिद (bill) पेचिङका शासककहाँ पठाई ऊबाट सो हर्जाना असुलेको थियो। तत्कालीन सोभियत सङ्घको बुर्यात मङ्गोलिया (Buriat Mangolia) बाट बुद्ध धर्म फैलिएको भए पनि तिब्बती बुद्ध धर्मका मठहरूमा पनि प्रत्येक नयाँ दलाइ लामा वा पञ्चेन एर्डेनीको जन्म हुँदा वा अवतार स्थापित गर्दा चिनियाँ केन्द्रीय सरकारबाट विधिपूर्वक नियुक्त गरेर मान्यता लिइन्थ्यो।

कुब्ला खाँकै पालामा तिब्बतमा धर्मगुरुले नै राजाका रूपमा तिब्बती सरकार चलाउने प्रणाली सुरु भएको थियो। तिब्बतको धर्मधिकारी पाग्स्पा (Pagspa) ले मङ्गोलहरूको लिपि तयार गर्न मद्दत गरेपछि कुब्ला खाँले उनलाई 'तिब्बतका राजकुमार र सम्राटका गुरु' कोकोनर ( Kokonar) बनाए र उनलाई 'बुद्धको पश्चिमी भूभागमा विधिका राजा' बनाए।

कुब्ला खाँका पालादेखि तिब्बतमा भएका सबै आधारभूत परिवर्तनलाई र दलाइ लामाको संस्थासमेतलाई चिनियाँ सम्राटहरूले मान्यता दिँदै आएका थिए। दलाइ लामा र पञ्चेन एर्डेनी पद सँगै आएका थिए। दलाइ लामा र पञ्चेन एर्डेनी पदसँगै तिनीहरूको लौकिक शक्ति धर्माधिकार चिनियाँ सम्राटहरूले तिनीहरूलाई दिएका थिए।

दलाइ लामा र पञ्चेन एर्डेनीको सम्बन्ध एकापसमा र चिनियाँ सम्राटहरूलाई व्यवहार गर्न धेरै जटिल हुने भएकाले फरक फरक तरिकाले व्यवहार गर्ने गरिन्थ्यो। तेहौँ दलाइ लामा पाँचौँ दलाइ लामापछि राजनैतिक शक्तिको निम्ति मरिमेटेर लागे। चीन कमजोर रहेको त्यो बेला उनलाई बेलायतको सहयोग थियो। उनले चीनबाट तिब्बत 'मुक्त' भएको घोषणा गरे। उनको त्यस घोषणाको विरोध गर्ने कुलीन खान्दानीहरू र संस्कृतमा 'गुरु' चिनियाँ भाषामा जीवित बुद्धहरू वा तिब्बती भाषामा चु गु (chu–gu) को हत्या गरिए वा निष्कासित गरिए। पञ्चेन एर्डेनीलाई १९२३ मा देश निकाला गरे। निर्वासित जीवनमै उनको चिङ्घाइमा मृत्यु भयो। १९२३-१९२५ सम्मको पञ्चेनको निर्वासन अवधिभर दलाइ लामा र उनको क्षेत्रीय सरकार कासाग (Kashag) ले पञ्चेनको जमिन हड्पे। वर्तमान पञ्चेन चिङ्घाइमा नै जन्मे र १९५२ सम्म उनी तिब्बतमा आफ्नो पदमा बस्न पाएनन्।

कासाग (Kashag) खान्दानीहरू अर्थात् कुलीनहरूको एउटा सानो मन्त्रिमण्डल थियो। यसले दलाइ लामाको मातहतमा क्षेत्रीय सैनिक सरकार गठन गर्दथ्यो। त्यस्तै काम्पो लिजा ( Kampo Lija) पञ्चेनको क्षेत्राधिकारका लागि बनाएको अङ्ग थियो।

तिब्बतको आधुनिक इतिहास १९५१ मई २३ मा दलाइ लामाले पेचिङसँग चीनको सीमाभित्र तिब्बतको लामो अस्तित्व र 'मातृभूमिमा फर्कने' वाचासहितको १७ बुँदे सम्झौता गरेपछि सुरु भएको थियो। बेलायतीहरूले प्रवेश गरेको समयावधिदेखि अर्थात् तिब्बती र सिचुआन (Szechuan) बिच युद्ध सरदारहरूको द्वन्द्वबाट चिनियाँ पदवीमा पनि अनिश्चितता देखिए तापनि त्यस युद्ध सो सम्झौताबाट टुङ्ग्याउन बाध्य भयो। तिब्बतको 'स्वायत्तता' को प्रकृति पनि स्पष्ट भयो।

चीन कमजोर भएको अवस्थामा जापानले यसका धेरै क्षेत्रहरूमा कब्जा जमाएको थियो। त्यसैबेला तिब्बत कोमिन्ताङबाट स्वीकृति लिन खोज्दै थियो र चिनियाँ जनगणतन्त्रले १९४९ अक्टोबरमा चीनमा साम्राज्यको पतनपछि चीनलाई एकीकरण गर्न लागिपरेको बेला तिब्बतले आफ्नो सम्बन्ध परिभाषित गर्नुपर्ने भयो वा गृहयुद्ध सामना गर्नुपर्ने भयो। बेलायतले तिब्बत चीनको एउटा भाग भएको मान्यता दियो। लोवेल थोमस ( Lowell Thomas) को माध्यमबाट 'मुक्ति' को अवधारणालाई प्रोत्साहित गरेको अमेरिकाले 'सुनिश्चितता दिन सकेन।' त्यसैले १९५० फेब्रुअरीमा पन्ध्रौँ दलाइ लामा र उनका राज्य प्रतिनिधि बेलायती दलाल भएको उनका मन्त्रीहरूले आरोप लगाए तथा मन्त्रिमण्डल टुक्रियो र पेचिङबाट के के कुरा माग्न सकिन्छ हेर्नका लागि एउटा टोली पेचिङ पठाइयो। त्यस टोली भारतको बाटो हुँदै गयो र नयाँ दिल्लीमा बस्यो। भर्खरको दलाइ लामालाई आवश्यकता परेको समयमा भारत जान सकिने गरी भारतको सिमाना नजिक यातुङ (Yatung) मा राखियो। तिब्बती सेनाका सेनाध्यक्ष एपेइ (Apei) पूर्वी क्षेत्र चाम्दो (Chamdo) मा खटाइए।



सन् १९५९ मार्चमा जनमुक्ति सेनाको मुख्य टुकडी आइरन हिल पुग्दै। विद्रोहीको कब्जाबाट आइरन हिललाई ३ घण्टामा मुक्त पारिएको थियो।

अक्टोबर १९५० मा चाम्दोमा जनमुक्ति सेना चीनको एकीकरण गर्न अघि बढ्यो। दुई दिनसम्मको युद्धपछि जनमुक्ति सेना (PLA) ले एपेई मातहतको तिब्बती सेनालाई परास्त गर्यो।

युद्ध हारेपछि मार्छु भन्ने सोचेका एपेईलाई जनमुक्ति सेनाले औषधि उपचार गरेर राष्ट्रिय सवालहरूमा नयाँ चिनियाँ नीतिका बारेमा लामा भाषण सुनाए। एपेइले त्यस कुरालाई मनपराए र यातुङमा बसेका दलाइ लामालाई समाचार पठाए।

दलाइ लामा यातुङमा बेलायती र अमेरिकी प्रतिनिधिहरूसित भविष्यमा चालिने कदमका बारेमा सल्लाह गर्दै थिए। भारतमा शरण लिएर चिनियाँ कम्युनिस्टहरूविरुद्ध गरिने युद्धका लागि अमेरिका आर्थिक सहयोग गर्न तयार भयो। बेलायतीहरूले उनलाई ल्हासामा फर्कन सल्लाह दिए।

चाम्दोको युद्धपछि दलाइ लामाले एपेइलाई पेचिङ गएर सम्झौतामा मोलमोलाइ गर्न आदेश दिए। १९५१ मई २३ मा सम्झौतामा एपेइले हस्ताक्षर गरे। करिब दुई महिनापछि दलाइ लामाले माओ त्सेतुङलाई उनको स्वीकारोक्ति भएको तार पठाए।

दलाइ लामाको तारबाट १९५१ मा जनमुक्ति सेना तिब्बतमा पुगेको विदेशमा प्रचार गरे जस्तो 'आक्रमण' होइन भन्ने छर्लङ्ग हुन्छ।

१९५१ को सम्झौतामा तिब्बत आफ्नो अवस्थिति 'मातृभूमि चीनभित्र' भएको मान्दछ र नयाँ पेचिङ सरकारलाई यसको केन्द्रीय सरकार मान्दछ। पेचिङले तिब्बतलाई 'स्वायत्तता' को मान्यता दिएको छ। त्यसमा 'क्षेत्रीय राष्ट्रिय स्वायत्तता..... केन्द्रीय सरकारको मार्फतबाट साझा कार्यक्रममा लागू हुने नीतिअनुसार' भन्ने उल्लेख छ। यहाँ स्वायत्तता 'मुक्ति' होइन न त विदेशी शक्तिहरूलाई हस्तक्षेप गर्ने अधिकार प्रत्यायोजनको अवस्था नै हो। 'साझा कार्यक्रम' भन्नुको अर्थ समाजवादको कार्यक्रम हो। सम्झौतामा केही स्थानीय अधिकारहरू निर्धारण गरिएका छन्।

१९५९ मा भारतबाट दलाइ लामाले विश्वलाई १९५१ को सम्झौता 'तिब्बतमाथि इच्छाबेगर नै लादिएको' र पेचिङले बन्दुकको भरमा लादेको बताए। उनले निश्चित उल्लङ्घन गरेका बुँदाहरू के के हुन् देखाउन सकेनन्। दलाइ लामाले त्यस सम्झौताको बारेमा लगाएको आरोप, बितेका वर्षहरूमा पेचिङका गतिविधिमाथि लगाएको मनपरी आरोपलाई घटनाक्रमले गलत पुष्टि गर्यो।

पञ्चेन एर्डेनी, एपेइ र पेचिङले तिब्बतमा सम्झौताको पूर्ण पालना गरेको तर कासागले नगरेको बताइन्थ्यो।

१९५६ मा गठन भएको 'तिब्बत स्वायत्त प्रदेश तदर्थ समिति' मा दलाइ लामा अध्यक्ष, पञ्चेन एर्डेनी उपाध्यक्ष, चाम्दोका जीवित बुद्ध दोस्रो उपाध्यक्ष र तिब्बतका सबै क्षेत्रहरूको प्रतिनिधित्व हुने गरी ५५ जना सदस्यहरू थिए।

सबैजनाले मनपराएको र उल्लेखनीय परिवर्तनहरू ल्याएका सबै सुधारहरूलाई कासागले विभिन्न तौरतरिका अपनाएर बाधा हाल्यो वा रोक्यो। तिब्बतको स्थानीय सरकारबाट चालिएका सबै सुधारहरू भू-दास मालिकहरू र सामन्तहरूले असफल पारे। आर्थिक र सामाजिक प्रणालीमा कुनै परिवर्तन भएन। भू-दास प्रथाले निरन्तरता पायो।

चाम्दो तिब्बतमा गाभिएपछि यसको क्षेत्रफल १,२००,००० वर्ग किमि र जनसङ्ख्या पनि प्रति किमि १ जना भिक्षु, भिक्षुणीहरूको सङ्ख्या-१० प्रतिशत १२००००) थिए। ती शताब्दीमा दुई आधारभूत वर्गहरू : कुलीन सामन्त र दासहरू थिए। ल्हासामा २ प्रतिशत उच्च दर्जाका कुलीनहरू ३ प्रतिशत जनसङ्ख्या तिनका दलाल, लठैत, नोकर-चाकर, कर्मचारी र निजी सैनिकहरू थिए। ९० प्रतिशत भूदासहरू जग्गासँग जोडिएका भूदासहरू थिए, ५ प्रतिशत दासहरू सामन्तहरूका पशुहरू जस्ता थिए।

तिब्बतका सबै जग्गा जमिन र धेरैजसो पशुहरू सामन्तहरूका हुन्थे। २४.३ प्रतिशत भू-भाग प्रत्यक्ष रूपम सामन्ती परिवारको स्वामित्वमा थियो, ३६.८ प्रतिशत सामन्तहरूले शासन गरेका मठहरूको अधिनमा र बाँकी ३८.९० प्रतिशत सङ्घीय सरकारको अधीनमा थियो। सरकारमा बस्ने भनेका ती नै सामन्तहरू थिए। सरकारमा बस्ने सामन्तहरू वा सरकारी अधिकारीहरूले सो जग्गामा शोषण गर्दथे। सबै शक्ति वा शासनसत्ता सामन्तहरू विशेषगरी सबैभन्दा ठुलो भूदास मालिकहरूको हातमा थियो। ६ वटा खान्दानीहरू कालुनहरू (Kaloon) बाट क्षेत्रीय मन्त्रिपरिषद् कासाग (Kashag) मा पनि खान्दानी र उच्चपदस्थ मानिसहरूमात्रै हुन्थे।

ईश्वर र राजाका रूपमा स्थापित दलाइ लामा सत्ताका लागि सङ्घर्ष गर्ने दास-मालिहकहरूका प्रतिनिधि थिए।

सरकारको त्यस जटिल संयन्त्रले माथिल्लोवर्गको मात्रै सेवा गर्थ्यो। सर्वसाधारणहरू प्रत्यक्ष रूपमा तिनका मालिकहरूबाट शासन गरिन्थे।

दासहरूभित्रको वर्ग एकीकृत गर्न असम्भव अझ जटिल र परिवर्तित स्थितिमा थियो। साइवा (Tsaiba), डुइचुन (Duichun), नानसाम ( Nantsam) जस्ता जुनसुकै प्रकारका दासहरू भए पनि तिनीहरूले मालिकका इच्छाअनुसार चल्नैपर्थ्यो। तिब्बतमा मालिकबिना बाँच्न सकिदैनथ्यो। मालिक नभएसम्म तिनलाई जोकोहीले पनि दास बनाउन सक्थ्यो।

## मार्चको विद्रो

१९५९ मार्चको मध्यतिर ल्हासामा विद्रोह चर्कियो र हारपछि विद्रोहीहरू दलाइ लामालाई साथमा लिएर भारतमा भागे। संसारभरका सञ्चारमाध्यमले तिब्बतलाई क्रूर दमन गरेको भनी प्रचार गरे। क्रूर चिनियाँ सैनिकहरूको तस्वीर भनी एउटा समाचारपत्रले सयौँ हजारौ पटक दोहोऱ्यायो, तिब्बती राष्ट्रमा काटमार, तिब्बतमा 'पचास हजार सैनिकहरूले भगवान राजा बस्नका लागि मानिसहरूको शिकार' जस्ता शब्दहरू खर्चे। पेचिङ छोड्नुभन्दा अघि नै यी सबै काम नलाग्ने गलफत्याइँबारे हामीलाई जानकारी थियो। एपेइले बताए, दलाइ लामालाई छोडाउन कुनै कसर बाँकी राखेन। तथापि, 'उनलाई सैनिक विद्रोहीबाट छुटाउने प्रयासले उनको जीवन खतरामा पर्नसक्थ्यो।' दलाइ लामाको भारत प्रस्थानबाट पेचिङमा कुनै फरक नपरेको र उनको अनुपस्थितिले आउँदो सुधारका कार्यहरू गर्न अझ सजिलो हुने बताइयो।

ल्हासामा विद्रोहीहरूको जम्मा सङ्ख्या २०,००० थियो र तिनीहरू ल्हासा र लोकामा केन्द्रित थिए। त्यस क्षेत्रहरूमा जनमुक्ति सेनाका सिपाहीहरूको सङ्ख्या ५,००० मात्र थियो। विशेषगरी ल्हासामा जम्मा १० कम्पनी जनमुक्ति सेनामध्ये दुई कम्पनी जगेडा र हातहातियार लिएका एक सैनिक टुकडी गरी जम्मा १,५०० सिपाहीहरू थिए। ७,००० विद्रोहीहरूलाई त्यति सेनाले सजिलै ४७ घण्टामा हरायो।

हताहतको तथ्याङ्क उपलब्ध थिएन तर 'थोक प्रचारकर्ता' पश्चिमी सञ्चारमाध्यमले साधारण घाइतेबाहेक जम्मा ६० विद्रोहीहरू घाइते भई अस्पताल पुगेको प्रचार गर्यो। पछि घाइते र मारिने विद्रोहीहरू ६०० पुग्ने एक सैनिक अधिकारीले बताए।

युद्धको आकार अथवा हताहत हुनेहरूको सङ्ख्याभन्दा पनि भविष्यका लागि त्यो जीत महत्त्वपूर्ण थियो। तिब्बतको स्थानीय सरकार, कासागका ६ जनामा ४ जना कालुनहरूले विद्रोहको नेतृत्व गरेका थिए र पछि भारतमा भागेर गए। यसले गर्दा तिब्बतको राजनैतिक संरचनामा परिवर्तन नगर्ने १९५१ को सम्झौता मान्न पेचिङ बाध्य भएन। तिब्बतको ६४२ कुलीन परिवारको ७० प्रतिशत र २,१३६ मठहरू विद्रोही पक्षमा जाँदा पनि २०,००० भन्दा बढी विद्रोहीहरूको समर्थन प्राप्त गर्न नसक्नुले, तीमध्ये आधाले तिब्बती शासक वर्गलाई मन नपराएको र तिब्बतीहरूको मन दु:खेको प्रमाणित गर्दछ। तसर्थ, विद्रोहको पराजय र दास मालिकहरू तितरवितर भएर भारतमा भाग्नाले छिटो दासप्रथा निर्मूल पार्ने ढोका खोलिदिएको थियो। हजारौँ वर्षदेखिको दास समाज र समाजवादतर्फ लम्कन लागेको तिब्बतको भविष्यबिचको इतिहासमा थोरै सङ्ख्याका ती ब्रिदोहीहरू दबिनु त इतिहासमा पानीको फोकाजस्तै बिलाएको भन्नुपर्छ।

सो विद्रोह 'राष्ट्रिय द्वन्द्व' को रूपमा देखिएन तर अनुयायीहरू तथा कार्यकर्ताहरू परिचालन गर्न नसकेको हुँदा त्यो घटना दास-मालिहरूले उठाएको द्वन्द्वमात्र थियो। विदेशी शक्तिहरूले हस्तक्षेप गरेको भए पनि सो द्वन्द्वले नागरिक आन्दोलनको रूप लिन सकेन। विद्रोहीहरूलाई उचालेर विदेशी शक्तिहरूले तिब्बतलाई चीनबाट छुटाउने प्रयास गरेको भए पनि पेचिङको रणनीति सेनामा मात्र आधारित नभई होसियारीसाथ तयार गरिएको राजनैतिक योजना भएकाले सो प्रयास विफल भयो। विशेषगरी १९५१ को सम्झौतापछिका आठ वर्षहरूमा पेचिङले तिब्बतका जनतामाझ समर्थन हासिल गरिसकेको थियो।

हजारौ वर्षदेखि दासप्रथालाई जिउने बाटोको रूपमा राख्दै आएका दास मालिकहरू र समाजका शासकहरूले १९५१ को सम्झौतालाई स्वीकार गरेर पेचिङको नेतृत्वमा समाजवादतिर लम्कन स्वीकार गरेका थिए। त्यो लामो सङ्घर्षको बाटो हो भन्ने पहिलै स्पष्ट थियो र दुवै पक्षलाई त्यो कुरा सुरुदेखि थाहा थियो। तथापि, पेचिङको कम्युनिस्ट र तिब्बतका दास-मालिकहरू दुवैले १९५१ को सम्झौतामा हस्ताक्षर गरे तथा दलाइ लामाले माओ त्सेतुङलाई तिब्बतका 'अधिकारीहरू, भिक्षुहरू र जनता' को एकमतले समर्थन रहेको बताए। दुवै पक्षले सङ्घर्षलाई स्थगित गरे, दुवै पक्षले परिवर्तित समयलाई कुरे।

**स्रोत : तिब्बतका भू-दासहरू उठ्दा**




प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा भइरहेको कोरियाली मजदुर पार्टीको ९ औँ राष्ट्रिय महाधिवेशनको बन्द सत्र बैठक। फेब्रुअरी १९ का दिन उद्घाटन भएको महाधिवेशनमा फेब्रुअरी २१ र २२ का दिन पार्टीका महासचिव किम जोङ उनले प्रतिवेदन पेस गर्नुभएको छ। महाधिवेशन चालु छ।

*तस्बिर : केसीएनए*

# अमेरिका इरानमा सैन्य आक्रमणको तयारीमा : पूर्वसीआईए अधिकारीको दाबी

वासिङ्टन, २२ फेब्रुअरी (एएनआई)। अमेरिकाका पूर्वसीआईए अधिकारी जोन किरियाकोउले आगामी हप्ताको सुरुमा इरानविरुद्ध सैन्य आक्रमण गर्ने अन्तिम निर्णय भइसकेको दाबी गरेका छन्। जुलियन डोरे पोडकास्टमा उनले ह्वाइट हाउसका एकजना पूर्वगुप्तचर अधिकारीको हवाला दिँदै प्रशासनले दिएको सार्वजनिक समयसीमा हुँदाहुँदै पनि आक्रमण सन्निकट हुन सक्ने बताए।

किरियाकोउले भने, "मेरो एक साथी, पूर्वसीआईए अधिकारी हुन्, जो आइतबार बिहान ह्वाइट हाउसमा आफ्ना साथीहरूसँग कुरा गरिरहेका थिए। उनी भन्छन् कि सोमबार वा मङ्गलबार इरानमा आक्रमण गर्ने निर्णय गरिएको छ।"

किरियाकोउका अनुसार राष्ट्रपतिले हिजो सार्वजनिक रूपमा इरानी नेतृत्वलाई १० दिनको समय सीमा दिएका थिए। तर, यस्तो समयसीमा प्रायः रणनीतिक विचलनको रूपमा प्रयोग गरिन्छ।

यसैबिच, संयुक्त राज्य अमेरिकाले मध्यपूर्वका विभिन्न प्रतिष्ठानहरूमा अज्ञात मिसनका लागि सैनिकहरूको रणनीतिक स्थानान्तरण सुरु गरेको छ। द जेरुसेलम पोस्टका अनुसार, कतारको अल उदेद बेसबाट सयौँ सैनिकहरू स्थानान्तरण गरिएको सङ्केत पाइएको छ। बहराइन, इराक, सिरिया, कुवेत, साउदी अरब, जोर्डन र संयुक्त अरब इमिरेट्समा पनि अमेरिकी सुविधाहरूमा यस्तै रसद परिवर्तनहरू भएको पाइएको छ।

सरकारी अधिकारीहरूले यस क्षेत्रमा हाल तैनाथ ३० हजारदेखि ४० हजार अमेरिकी सैनिकहरूले पूर्ण युद्धको स्थितिमा इरानको प्राथमिक लक्ष्यका रूपमा काम गर्न सक्ने आशङ्का व्यक्त गरेका छन्। सैन्य विज्ञहरूले यस सम्भावित द्वन्द्वलाई सन् २०२५ मा अल उदेदमा भएको आक्रमणभन्दा फरक हुने बताएका छन्, जसमा इरानी अधिकारीहरूले अमेरिकालाई अग्रिम सूचना दिएका थिए।


इरानी पक्षले संयुक्त राष्ट्रसङ्घमा चेतावनी दिँदै अमेरिकी आक्रमणको अवस्थामा 'यस क्षेत्रमा शत्रु शक्तिका सबै आधार, सुविधाहरू र सम्पत्तिहरू वैध लक्ष्यहरू हुने' चेतावनी दिएको छ। यी खतराहरूको प्रकाशमा, अमेरिकाले आफ्नो सेनाको सुरक्षाका लागि मध्यपूर्वमा हवाई रक्षा प्रणालीहरू स्थानान्तरण गर्दै दुई विमानवाहकहरू महत्त्वपूर्ण दूरीमा राख्ने निर्णय गरेको छ।

पूर्वसीआईए अधिकारीले अमेरिकी प्रशासनभित्र आन्तरिक राजनीतिक विभाजन र हस्तक्षेप समर्थक तथा विरोधी गुटहरूको अवस्थाबारे पनि टिप्पणी गर्नुभएको छ। युद्धविरोधी गुटमा जेडी भान्स र तुलसी गबार्ड छन् भने युद्ध समर्थक गुट मार्को रुबियोको नेतृत्वमा रहेको छ। यसैबीच, ट्रम्प प्रशासनले विगत १२ महिनामा सबै संयुक्त प्रमुखहरूलाई प्रतिस्थापन गरेर राजनीतिक रूपमा वफादार व्यक्तिहरूलाई बढावा दिएको उहाँले जानकारी दिनुभयो।

हालैको सरकारी खुलासाहरू र युएफओ सम्बन्धित कागजातहरूको प्रत्याशित सार्वजनिक घोषणालाई पनि सम्भावित विचलनका रूपमा हेरिएको छ। किरियाकोउले भन्नुभयो, "सम्भवतः आंशिक रूपमा हो, उनीहरूले हिजो राति युएफओ फाइलहरू जारी गर्न जाँदैछन्।"

# पाक–अफगान सीमा तनाव चुलियो

बिहसुद (अफगानिस्तान), १० फागुन (एएफपी)। पाकिस्तानले आइतबार छिमेकी अफगानिस्तानको सीमा क्षेत्रमा गरेको व्यापक हवाई आक्रमणपछि दुई देशबिचको तनाव थप चुलिएको छ। इस्लामाबादले पाकिस्तानमा हालै भएका आत्मघाती बम विस्फोटका घटनाको प्रत्युत्तरस्वरूप अफगानिस्तानमा आधारित आतङ्कवादी समूहहरूलाई लक्षित गरी सात स्थानमा कारबाही गरिएको जनाएको छ भने काबुलले ती आक्रमणमा महिला र बालबालिकासहित दर्जनौँ निर्दोष सर्वसाधारण मारिएको दाबी गरेको छ।




रातभर सञ्चालन गरिएको यो आक्रमणलाई अक्टोबरमा सीमामा भएको भीषण झडपयता सबैभन्दा ठुलो सैन्य कारबाही मानिएको छ। त्यसबेला दुवै पक्षका ७० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको थियो र सयौँ घाइते भएका थिए। पछिल्लो आक्रमणपछि सीमा क्षेत्रमा पुनः असुरक्षा र त्रास फैलिएको छ।

पाकिस्तानको सूचना तथा प्रसारण मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पाकिस्तानी तालिबान, उसका सहयोगी समूहहरू तथा इस्लामिक स्टेटसँग सम्बद्ध तत्त्वहरूलाई लक्षित गरिएको उल्लेख गरिएको छ। इस्लामाबादले तालिबान नेतृत्वले बारम्बार आग्रह गरिँदा पनि पाकिस्तानविरुद्ध अफगान भूभाग प्रयोग गर्ने समूहहरूमाथि कारबाही गर्न असफल भएको आरोप लगाएको छ।

तर अफगानिस्तानको रक्षा मन्त्रालयले नान्गरहार र पक्तिका प्रान्तका मदरसा र घरहरूमा आक्रमण हुँदा 'महिला र बालबालिकासहित दर्जनौँ निर्दोष नागरिक मृत्यु र घाइते भएको' जनाएको छ। मन्त्रालयले पाकिस्तानी आक्रमणको 'उचित र सुनियोजित जवाफ दिइने' चेतावनी दिएको छ।

नान्गरहारको बिहसुद जिल्लाबाट एएफपीका पत्रकारले दुर्गम पहाडी गाउँमा स्थानीय बासिन्दाहरू भग्नावशेष पन्छाउँदै शव खोजिरहेको दृश्य देखिएको बताएका छन्। उद्धारमा खटिएकाहरूले बेलचा र उत्खननका साधन प्रयोग गरी ढलेका संरचनामुनि पुरिएका आफन्तलाई निकाल्ने प्रयास गरिरहेका थिए।

छिमेकी ३७ वर्षीय अमिन गुल अमिनले 'यहाँका मानिसहरू सामान्य बासिन्दा हुन्, सबै आफन्तजस्तै हुन्' भन्दै बम विस्फोटपछि बाँचेकाहरूले मद्दतका लागि चिच्याएको सुनिएको बताउनुभयो। नान्गरहार प्रहरीका प्रवक्ता सैयद तैयब हम्मादका अनुसार मध्यरातमा सुरु भएको बमबारी तीन जिल्लासम्म फैलिएको थियो। उहाँले एकै घरमा रहेका २३ सदस्य प्रभावित भएको र पाँच जना घाइतेलाई जीवितै उद्धार गरिएको जानकारी दिनुभयो।

सन् २०२१ मा तालिबानले अफगानिस्तानको सत्ता पुनः नियन्त्रणमा लिएपछि दुई देशबिचको सम्बन्ध निरन्तर तनावपूर्ण रहँदै आएको छ। अफगानिस्तानमा संयुक्त राष्ट्रसङ्घीय मिसनका अनुसार पाकिस्तानी सैन्य कारबाहीका कारण अक्टोबरदेखि डिसेम्बरसम्म ७० अफगान सर्वसाधारण मारिएका थिए।

कतार र टर्कीको मध्यस्थतामा प्रारम्भिक युद्धविराम भए पनि बहुपक्षीय वार्ताले स्थायी सहमति दिन सकेको छैन। यसै महिनामा अफगानिस्तानले नियन्त्रणमा राखेका तीन पाकिस्तानी सैनिकको रिहाइमा साउदी अरेबियाले मध्यस्थता गरेको थियो। यद्यपि, सम्बन्ध सुधारतर्फ ठोस प्रगति देखिएको छैन र भूमि सीमा महिनौँदेखि बन्द रहँदा दुवै देशका सर्वसाधारण प्रभावित भएका छन्।

दुई हप्ताअघि इस्लामाबादको एक शिया मस्जिदमा भएको आत्मघाती विस्फोटमा कम्तीमा ४० जनाको मृत्यु भएको थियो र १६० भन्दा बढी घाइते भएका थिए। सन् २००८ यता राजधानीमा भएको त्यो सबैभन्दा घातक आक्रमण मानिएको छ। इस्लामिक स्टेट समूहले उक्त विस्फोटको जिम्मेवारी लिएको थियो। त्यस्तै, इस्लामिक स्टेट-खोरासान शाखाले गत महिना काबुलको एक रेस्टुरेन्टमा भएको घातक आत्मघाती आक्रमणको दाबी गरेको थियो।

हालको हवाई आक्रमणले सीमापार आतङ्कवाद, प्रत्युत्तर कारबाही र कूटनीतिक असफलताले सिर्जना गरेको चक्रलाई थप गहिरो बनाएको छ। दुवै पक्षले एकअर्कामाथि दोषारोपण गरिरहँदा सीमा क्षेत्रमा बसोबास गर्ने सर्वसाधारणले नै यसको सबैभन्दा ठुलो मूल्य चुकाइरहेका छन्।

# अमेरिकी राजदूतको टिप्पणीपछि मध्यपूर्वमा आक्रोश

जेरुसेलम, १० फागुन (एएफपी)। इजरायलका लागि अमेरिकी राजदूत माइक हक्काबीले इजरायललाई मध्यपूर्वको विशाल भूभागमा बाइबलीय अधिकार रहेको सङ्केत दिनुभएको टिप्पणीपछि अरब र मुस्लिम देशहरू एकै स्वरमा विरोधमा उत्रिएका छन्। एक दर्जनभन्दा बढी सरकार तथा तीन प्रमुख क्षेत्रीय संस्थाले संयुक्त वक्तव्य जारी गर्दै उक्त अभिव्यक्तिलाई 'खतरनाक र भडकाउने' भन्दै कडा निन्दा गरेका छन्।

पूर्वबाप्टिस्ट पादरी तथा कट्टर इजरायल समर्थक हक्काबी अति-दक्षिणपन्थी टिप्पणीकार टकर कार्लसनको पोडकास्टमा बोलिरहेका थिए। शुक्रबार सार्वजनिक गरिएको एपिसोडमा कार्लसनले बाइबलीय पद उद्धृत गर्दै कहिलेकाहीँ इजिप्टको नाइल नदीदेखि सिरिया र इराकको युफ्रेटिस नदीसम्मको भूभाग इजरायलको अधिकार क्षेत्र हुन सक्ने व्याख्या गरेका थिए। त्यसको जवाफमा हक्काबीले 'यदि तिनीहरूले त्यो सबै लिए भने राम्रो हुनेछ' भनेका थिए। थप प्रश्नमा उहाँले इजरायलले ती सबै भूभाग लिन आग्रह नगरेको उल्लेख गर्दै आफ्नो भनाइ केही हदसम्म अतिशयोक्तिपूर्ण भएको बताएका थिए।

तर, उक्त टिप्पणीले क्षेत्रीय स्तरमा तीव्र प्रतिक्रिया उत्पन्न गरेको छ। संयुक्त अरब इमिरेट्स (युएई) को विदेश मन्त्रालयमार्फत जारी संयुक्त वक्तव्यमा युएई, इजिप्ट, जोर्डन, इन्डोनेसिया, पाकिस्तान, टर्की, साउदी अरेबिया, कतार, कुवेत, ओमान, बहराइन, लेबनान, सिरिया र प्यालेस्टाइन राज्यका साथै इस्लामिक सहयोग सङ्गठन, अरब लिग र खाडी सहयोग परिषद्ले हस्ताक्षर गरेका छन्। उनीहरूले संयुक्त राष्ट्रसङ्घको बडापत्रको मर्म र गाजा युद्धलाई कम गर्ने तथा व्यापक राजनीतिक समाधान खोज्ने प्रयासविरुद्ध यस्तो अभिव्यक्ति गएको बताएका छन्।

इरानले पनि प्रतिक्रिया दिँदै हक्काबीको टिप्पणीले प्यालेस्टिनीहरूमाथि इजरायलले गरिरहेको 'विस्तारवादी आक्रमण' मा अमेरिकी सक्रिय संलग्नता प्रकट गरेको आरोप लगाएको छ। यसअघि साउदी अरेबियाले उक्त अभिव्यक्तिलाई 'लापरवाह' र 'गैरजिम्मेवारपूर्ण' भनेको थियो भने जोर्डनले यसलाई क्षेत्रीय सार्वभौमसत्तामाथिको आक्रमण ठहर गरेको थियो। कुवेतले अन्तर्राष्ट्रिय कानुनको स्पष्ट उल्लङ्घन भएको बताएको छ भने ओमानले यसले शान्ति र स्थिरताको सम्भावनालाई खतरामा पारेको जनाएको छ। इजिप्टले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्र वा अन्य कुनै अरब भूमिमा इजरायलको सार्वभौमिकता नभएको पुनः दोहोर्‍याएको छ।

प्यालेस्टिनी प्राधिकरणले सामाजिक सञ्जालमार्फत हक्काबीको भनाइ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पश्चिम किनारलाई इजरायलमा विलय नगर्ने अडानसँग विपरीत भएको टिप्पणी गरेको छ। शनिबार हक्काबीले एक्समा अन्य विषयमा आफ्नो धारणा प्रस्ट्याउन दुई सन्देश प्रकाशित गर्नुभएको भए पनि बाइबलीय पदसम्बन्धी अभिव्यक्तिलाई भने प्रत्यक्ष सम्बोधन गर्नुभएको छैन।

इजरायली संसद्का अध्यक्ष अमिर ओहानाले भने हक्काबीको समग्र इजरायल समर्थक दृष्टिकोणको प्रशंसा गर्दै कार्लसनमाथि 'झूट र हेरफेर' गरेको आरोप लगाउनुभएको छ। उता कार्लसन हालै स्वघोषित श्वेत राष्ट्रवादी निक फुएन्टेससँग गरेको लामो अन्तर्वार्तापछि यहुदीविरोधी आरोपको सामना गरिरहनुभएको छ, जसमा फुएन्टेसले हिटलरको प्रशंसा, नरसंहार अस्वीकार र अमेरिकी यहुदीहरूलाई विश्वासघातीको रूपमा चित्रण गर्नुभएको थियो।

हक्काबीको उक्त टिप्पणीले गाजा युद्ध र पश्चिम किनारका विषयमा चलिरहेको संवेदनशील कूटनीतिक प्रयासबिच नयाँ तनाव थपिदिएको छ, जसले मध्यपूर्वमा शान्ति प्रक्रिया झनै जटिल बन्ने सङ्केत दिएको छ।

# ट्रम्पलाई लुलाको समान व्यवहारको सन्देश

नयाँदिल्ली, १० फागुन (एएफपी)। विश्व व्यापार र कूटनीतिक सम्बन्धलाई तनावमुक्त बनाउने सन्देश दिँदै ब्राजिलका राष्ट्रपति लुइज इनासिओ लुला डा सिल्भाले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई सबै देशहरूसँग समान व्यवहार गर्न आग्रह गर्नुभएको छ। अमेरिकी सर्वोच्च अदालतको प्रतिकूल फैसलापछि ट्रम्प प्रशासनले आयातमा १५ प्रतिशत कर लगाउने निर्णय गरेलगत्तै लुलाले यस्तो धारणा सार्वजनिक गर्नुभएको हो।

नयाँदिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले विश्वले नयाँ शीतयुद्धतर्फ जान नहुने बताउनुभयो। "हामी नयाँ शीतयुद्ध चाहँदैनौँ, कुनै पनि देशमा हस्तक्षेप गर्न चाहँदैनौँ र सबै देशहरूलाई समान रूपमा व्यवहार गर्न चाहन्छौँ," उहाँले भन्नुभयो। उहाँले आफ्नो टिप्पणीलाई अमेरिकी न्यायिक निर्णयप्रति प्रत्यक्ष प्रतिक्रिया नभएको स्पष्ट पार्दै संयुक्त राज्य अमेरिकासँगको सम्बन्ध चाँडै सामान्य अवस्थामा फर्कने आशा व्यक्त गर्नुभयो।

अमेरिकी सर्वोच्च अदालतले शुक्रबार छ-तीनको बहुमतमा फैसला गर्दै सन् १९७७ को कानुनले राष्ट्रपतिलाई व्यक्तिगत देशहरूमा एकतर्फी रूपमा कर लगाउने अधिकार नदिएको ठहर गरेको थियो। उक्त कानुनको आधारमा ट्रम्प प्रशासनले विश्वव्यापी व्यापारमा असर पर्ने गरी विभिन्न देशहरूमा अचानक कर लगाउँदै आएको थियो।

असी वर्षीय अनुभवी वामपन्थी नेता लुला अर्को महिना ट्रम्पसँग भेट गर्न वासिङ्टन जाने तयारीमा रहनुभएको छ। "हाम्रो कुराकानीपछि ब्राजिल-अमेरिका सम्बन्ध सामान्य अवस्थामा फर्कनेछ भन्ने कुरामा म विश्वस्त छु," उहाँले भन्नुभयो। उहाँले ब्राजिलको प्राथमिकता शान्तिपूर्ण सहअस्तित्व, रोजगारी सिर्जना र जनताको जीवनस्तर उकास्नु रहेको उल्लेख गर्नुभयो।

केही महिनादेखि वासिङ्टन र ब्रासिलियाबिच बढेको वैमनस्य क्रमशः कम हुँदै गएको सङ्केत देखिएको छ। ट्रम्प प्रशासनले गत वर्ष ब्राजिलमाथि लगाइएको ४० प्रतिशत करबाट ब्राजिलका प्रमुख निर्यात वस्तुहरूलाई छुट दिएको थियो, जसले सम्बन्ध सुधारको बाटो खोलेको मानिएको छ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धी शिखर सम्मेलनमा सहभागी हुन बुधबार भारत आइपुग्नुभएका लुलाले विश्वलाई थप अस्थिरता नभई शान्ति आवश्यक रहेको बताउनुभयो। "विश्वलाई थप अशान्ति होइन, शान्ति चाहिन्छ," उहाँले जोड दिनुभयो।

शनिबार भारत र ब्राजिलबिच महत्त्वपूर्ण खनिज तथा दुर्लभ पृथ्वी तत्वको क्षेत्रमा सहकार्य विस्तार गर्ने सहमति भएको छ। लुला र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच भएको भेटवार्तापछि दुवै देशबिच अन्य विभिन्न सम्झौतामा समेत हस्ताक्षर भएको जनाइएको छ।

# नेपाल रणनीतिक क्रीडास्थल नबनोस्

✍ ध्रुव सिम्खडा

चीनसित सामरिक सङ्घर्ष चर्काउने योजनामा रहेको संयुक्त राज्य अमेरिका र भारतले तिब्बतबाट निर्वासित खम्पाहरुलाई हतियार दिई नेपालको उत्तरी भेग मुस्ताङमा 'सशस्त्र स्वतन्त्र तिब्बत सङ्घर्ष' चलायो। त्यसका निम्ति भारतको दार्जिलिङमा पढाउनेदेखि गुरिल्ला तालिम दिनेसम्मको काम अमेरिकीहरुले खुफिया एजेन्सी (सीआईए) मार्फत गरेका थिए। यसमा भारतीय गुप्तचर संस्था (सुरुमा आईबी पछि 'रअ') को पनि साथ र सहयोग थियो।

सन् १९५७ मा खम्पा विद्रोही कमान्डर गे हिसीलाई अमेरिकी गुप्तचर संस्था सीआईएका अधिकारीहरुले कोलोराडोमा तालिम दिएर पठाए। १९६२ पछि भारत खम्पा विद्रोहमा संलग्न भयो। त्यसपछि सीआईएले अमेरिकाबाट सारेर भारत, देहरादूनस्थित चक्रातामा खम्पा लडाकाहरुलाई तालिम दिन सुरु गऱ्यो। १९५७ मा कालिङपोङलाई अखडा बनाएर अमेरिकाले चिनियाँ सेनालाई रोक्न पहिलोपटक सैन्य सहयोग उपलब्ध गरायो।

चीनको कडा आपत्तिपछि १४ नोभेम्बर १९५९ मा भारतले नेपाली, भुटानी र सिक्किमी बाहेकका विदेशी नागरिकलाई ७ दिनभन्दा बढी कालिङपोङ बस्न अनुमति लिनुपर्ने नियम बनायो। त्यसपछि अमेरिकाले आफ्नो गोप्य मिसन कालिङपोङबाट सारेर मुस्ताङ पुऱ्यायो। अमेरिका र भारतले उनीहरुलाई आर्थिक र हातहतियार सहयोग गरिरहे। 'खम्पाको लागि खाद्यान्न, लत्ताकपडा, औषधी, हातहतियार र पैसा उपलब्ध गराउन मुस्ताङमा एउटा एअरपोर्ट नै निर्माण गरिएको थियो। राजधानी काठमाडौँबाट यी सामान ढुवानी गर्न स्युचाटारमा पनि अमेरिकी सरकारले एअरपोर्ट निर्माण गरेको थियो। त्यहाँ नेपाली नागरिकलाई प्रवेश गर्ने अनुमति थिएन।

एअरपोर्टमा अमेरिकीहरुले पहरा दिन्थे। उनीहरुले खम्पाहरुलाई सहयोग गर्न रसुवाको थाम्बुचे, ताप्लेजुङको जरिटार र सोलुखुम्बुको फाप्लुमा पनि एअरपोर्ट निर्माण गरेका थिए। खम्पा विद्रोह नियन्त्रणमा संलग्न ताम्ला उक्यावले भनेका छन्, 'खम्पाकै कारण नेपालको हिमाली भेग अन्तर्राष्ट्रिय शक्ति केन्द्रको क्रीडास्थल बनेको थियो।' (पृ. १५७)। तिब्बतबाट निर्वासित दलाई लामाको साथ र सहयोगमा यी सबै भएका थिए।

**मुस्ताङ अपरेशन**


२०२९ सालको अन्त्यतिर दलाई लामाले खम्पा कमान्डर जनरल गे हिसीलाई नयाँदिल्ली बोलाएर नेतृत्व उनीभन्दा जुनियर गे वाङ्दीलाई हस्तान्तरण गर्न आदेश दिए। तर, हिसी आफूभन्दा जुनियर वाङ्दीलाई कमान्डर मान्न मञ्जुर भएनन्। दलाई लामाले गे वाङ्दीलाई कमान्डर बनाएपछि हिसी र वाङ्दी खेमाबीच तिक्तता बढ्दै गयो। हुँदाहुँदा उनीहरुबीच कुटाकुट हुन थाल्यो। यस्तैमा एक दिन हिसीले राजा वीरेन्द्रलाई पत्र लेखेर आफ्नो सुरक्षा हुने भए आत्मसमर्पण गर्न मञ्जुर रहेको उल्लेख गरेपछि राजाले त्यसको जिम्मा लिइदिए। २०१५/०१६ सालमा खम्पा विद्रोह सुरु हुँदा महेन्द्र राजा थिए। २०३१ सालमा राजा वीरेन्द्रले सैन्य परिचालन गरी यस विद्रोहको अन्त्य गरे।

अहिलेका परराष्ट्रमन्त्री तथा तत्कालीन नेपाली सेनाका क्याप्टेन बालानन्द शर्मा खम्पा विद्रोहीलाई निशस्त्रीकरण गर्ने अभियानमा संलग्न थिए। उनकै नेतृत्वमा २०३१ साउनमा १०० जवान नेपाली सेना हातहतियार बोकेर जोमसोम पुग्यो। बालानन्द शर्माले किताबमा भनेका छन् '२०३१ सालमा म राजदल (तोपखाना) मा कार्यरत थिएँ। यतिबेला मुस्ताङमा खम्पाको क्रियाकलाप डरलाग्दो भएर फैलिसकेको थियो। एक दिन मलाई सेनाको माथिल्लो निकायबाट खबर आयो–मुस्ताङ अपरेशनका लागि तयारी अवस्थामा बस्नू।' (तिनै बालानन्द अहिले बाह्य शक्तिको रणनीतिक प्रभाव र प्रहारबाट नेपाललाई जोगाउने भूमिकासहित परराष्ट्र मन्त्रीको जिम्मेवारीमा छन्।)

२४ भदौ २०३१ मा सैनिक कारवाहीमा परी दार्चुलाको तिंकरमा गे वाङ्दीको ज्यान गएसँगै नेपालको सुरक्षा मामिलामा बाधा बनेको खम्पा विद्रोहको पनि अन्त्य भयो। तत्कालीन श्री ५ को सरकारले नेपाली भूमि प्रयोग गरेर उत्तरी मित्रराष्ट्रविरुद्ध सशस्त्र विद्रोह गरिरहेकाहरुलाई सफलतापूर्वक समाधान गरेको थियो।

**को थिए खम्पा विद्रोही ?**

पूर्वी तिब्बतको खाम क्षेत्रका आदिवासी हुन्, खम्पा। खाम क्षेत्रमा बसोबास गर्ने खम्पाहरुसित नेपालको कुनै साइनो सम्बन्ध थिएन। किनभने, त्यो भू-भाग नेपाली सिमानादेखि ४ हजार किलोमिटर टाढा पर्छ। अग्ला शरीर भएका खम्पाहरु बौद्ध धर्म मान्छन् र घोडचढीमा अत्यन्त पोख्त हुन्छन्। तिब्बती भाषामा खम्पाको अर्थ 'लडाकु' भन्ने हुन्छ। खम्पाहरु त्यतिबेला चर्चाको चुलीमा पुगे, जतिबेला उनीहरुले नेपाली भू-भागलाई रणनीतिक रुपमा प्रयोग गरेर



चीनविरुद्ध स्वतन्त्र तिब्बत आन्दोलन चर्काए।

दलाई लामा भारत प्रवेश गरेपछि तिब्बतमा गडबडी हुन सक्छ भनेर चीनले खाम र आम्दोमा भूमिसुधार योजना लागु गऱ्यो। त्यसको ठुलो प्रतिकार पनि भयो। त्यसबेला चिनियाँ जनमुक्ति सेनासित लड्न भनी पहिलोपल्ट तिब्बतमा विद्रोही सेना 'चुसी गान्द्रुक' स्थापना भयो। 'चुसी गान्द्रुक' को अर्थ हो–४ नदी, ६ पर्वत। पूर्वी तिब्बतमा अवस्थित खाम प्रदेशलाई ४ वटा नदी र ६ वटा पर्वतको शृङ्खलाले घेरेर राखेको हुनाले यस क्षेत्रलाई चुसी गान्द्रुक भनिएको हो। गाम्पो टासी आन्द्रुकको सक्रियतामा स्थापना भएको यही सेना पछि खम्पाको नामले चर्चित भयो। र, मुस्ताङलाई केन्द्रबिन्दु बनाएर करिब डेढ दशक उनीहरु तिब्बतको मुक्ति आन्दोलनमा सक्रिय रहे।

**दलाई लामाको निर्वासन**

दलाई लामा ४ चैत २०१५ (१७ मार्च १९५९) मा तिब्बतबाट भागी भारत प्रवेश गर्दा नेपालमा पहिलो आम निर्वाचन भइरहेको थियो। उक्त निर्वाचन ७ फागुनदेखि २८ चैतसम्म (१८ फेब्रुअरीदेखि १० अप्रिलसम्म १९५९) भएको थियो। माओ त्सेतुङको चिनियाँ जनमुक्ति सेनाले तिब्बत कब्जा गरेपछि दलाई लामा भारतको शरणमा पुगेका थिए। उनको भारत प्रवेशसँगै लामाका धेरै अनुयायीहरु पनि तिब्बतबाट नेपाल हुँदै भारत पुगे। हिमाली तथा पहाडी भू-भागको कठिन मार्ग पार गर्दै हजारौँ तिब्बती आफ्नो 'पवित्र भूमि' बाट बाहिरिँदै थिए। उनीहरुमध्ये केहीको रोजाइ चीन र भारतको बीचमा रहेको नेपाल बन्यो। सुरुमा थोरै सङ्ख्यामा रहेका उनीहरु शरणार्थीको रुपमा यतै बस्न थाले।

शीतयुद्धको त्यो समय विश्व व्यवस्थामा संयुक्त राज्य अमेरिका र सोभियत सङ्घ आम्ने-साम्ने थिए। यता हाम्रा दुई छिमेकीबीच पनि ङ्यारङ्यार-ङुरङुर चल्न थाल्यो। भारत स्वतन्त्र भएपछि राष्ट्रिय काङ्ग्रेसका नेता जवाहरलाल नेहरु प्रधानमन्त्री बने भने चीनमा माओ त्सेतुङ नेतृत्वको कम्युनिष्ट शासन सुरु भयो। सन् १९६२ मा भारत र चीनबीच युद्ध नै भयो। त्यसबेलासम्म अमेरिका र सोभियत सङ्घले भारत, चीन र नेपालमाथि निगरानीको 'राडर' घुमाउन सुरु गरिसकेका थिए। नेपालमा दुईतिहाइ सिटसहित नेपाली काङ्ग्रेसका सभापति विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा नयाँ सरकार गठन भएको थियो।

अमेरिकी प्रशासनले साम्यवादी चीनका शासकलाई तह लगाउन तिब्बती शरणार्थीहरु प्रयोग गर्ने सोचसहित आफ्नो खुफिया संयन्त्र (सीआईए) लाई परिचालन गऱ्यो। अमेरिकाको यस्तो नीतिबारे सुरुमा नेपाल, भारत र चीन कसैले पनि भेउ पाउन सकेनन्। समयक्रममा जब नेपाल-चीन सीमाका केही स्थानमा तिब्बती शरणार्थीहरुबाट स्थानीय नेपालीहरुमाथि लुटपाट र कुटपिट हुन थाल्यो अनि यो भेद खुल्दै गयो।

'चिनियाँ सरकारले तिब्बत कब्जामा लिएपछि धर्म-संस्कृति मास्न थाल्यो' भन्दै बुद्ध धर्मावलम्बी खम्पा, डोक्पा र आम्दो जातिका मानिसहरु उत्तरका हिमाच्छादित कठिन 'पास' हरु पार गर्दै नेपाल प्रवेश गरी शरणार्थीका रुपमा बस्न थाले। खम्पा विद्रोह र नेपालमा त्यसको असरबारे सञ्चारकर्मी राजेन्द्र कुँवरले यसै वर्ष अनुसन्धानमूलक पुस्तक 'नेपाली दृष्टिकोणमा खम्पा विद्रोह' प्रकाशित गरेका छन्। यो रिपोर्टाज यसै किताबको समीक्षात्मक टिप्पणी हो।

**विद्रोहको नेपाल प्रभाव**

२०१५ चैतदेखि २०३१ भदौसम्म खम्पाहरुले नेपालीलाई दु:ख दिए। जोमसोमदेखि माथि नीलगिरि हिमाल पार गरेर पुगिने नेपाल-चीन सीमा नजिक खम्पाहरुले उपद्रव मच्चाएका छन् भन्ने सूचना प्राप्त भएपछि नेपाली सेना परिचालित भयो। नेपाली सेना र निजामती कर्मचारीहरु सीमास्थित गाउँघर पुग्दा 'खम्पाहरुले अन्नपात लुट्यो, च्याङ्ग्रा, चौँरी र घोडाहरु चोरेर लग्यो' भनी स्थानीयले दु:खेसो व्यक्त गरे। १६ असार २०१७ मा नेपाल-चीन सीमा नजिक आफ्नै भू-भागमा खम्पा विद्रोहीहरुको खोजी गरिरहेका बेला चिनियाँ सेनाले गोली हानी नेपाली सेनाका बमप्रसाद बास्कोटाको हत्या गरिदियो। पूर्वी पहाडको ओखलढुंगा जिल्ला, थाक्ले गाउँमा २००५ सालमा जन्मिएका बमप्रसाद पोखरास्थित महेन्द्र गणमा सुवेदार पदमा कार्यरत थिए। घटनाका बेला उनीसहित १६ जना सैनिक मुस्ताङ खटिएका थिए। यस घटनाको अन्तर्राष्ट्रियकरण हुन नपाउँदै तत्कालीन प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले चिनियाँ प्रधानमन्त्री चाउ-एनलाईसित कुरा गरी समाधान गरेका थिए।

उक्त घटनामा नेपाल सरकारको माग दाबीअनुसार चिनियाँ सरकारले माफी माग्दै मृतकको परिवारलाई रु.५० हजार क्षतिपूर्ति दियो। सीमा रक्षक मृतक बास्कोटाकी धर्मपत्नीलाई प्रधानमन्त्री कोइरालाले सरकारका तर्फबाट रु.१५ हजार सहयोग गरे।

२०२४ मंसिरमा मुस्ताङ, लेतेस्थित जङ्गलमा खम्पाले ४६ वर्षीय स्थानीय व्यापारी दावा दोर्जे ताङ्वे गुरुङको गोली हानी हत्या गरे। दावा दोर्जे जोमसोमका कहलिएका व्यापारी थिए। उनी सुर्ती, साबुन, मिश्री, गुण, खाद्यान्नलगायत सामान खच्चरहरुलाई बोकाएर तिब्बततर्फ व्यापार गर्थे भने उताबाट ऊन, कपडा, भेडा-च्याङ्ग्राको पैठारी गर्थे। तिनताका खम्पाले स्थानीयहरुलाई कति भयभीत तुल्याएका थिए भनी बुझ्न दावा दोर्जेकी नातिनी सङ्गीता गुरुङको बाल्यकालको स्मरण काफी हुन्छ। 'गाउँमा खम्पाको ठुलो आतङ्क थियो। राति आमाहरुले हामीलाई छिटो सुताउनुपऱ्यो भने खम्पाको डर देखाउनुहुन्थ्यो। भन्नुहुन्थ्यो, सुत, नत्र खम्पाहरु आउँछन्। मेरो मात्र होइन, प्राय: सबै घरको यही कथा थियो' (पृ. २२५)।


खम्पा विद्रोहीले नै जोमसोममा बन्दाकोपी उत्पादन गर्न थालेका थिए। त्यसबखत उनीहरुले आफ्नो बारीमा ५-६ केजीसम्मको बन्दाकोपी फलाएको अनुभव स्थानीय ६५ वर्षीय सङ्गीता गुरुङको छ। स्थानीय भूपेन्द्र शेरचनका अनुसार तिनताका जोमसोममा किनमेल गर्न आउँदा खम्पाहरु भारु लिएर आउँथे। नेपालमा डलर चल्तीमा नआउने हुँदा उनीहरु भारुको प्रयोग गर्थे। भारतीय रुपैयाँ कसरी उनीहरुसम्म आइपुग्थ्यो ? के यसमा भारतको हात थियो ? कुरा प्रस्टै थियो कि खम्पा विद्रोह भड्काउन संयुक्त राज्य अमेरिकासँगै भारत पनि संलग्न थियो।

उत्तरी गोरखाको चुमनुब्री क्षेत्रमा पनि खम्पाहरुले आतङ्क सिर्जना गरेका थिए। २०२८ सालमा नामरुङमा भन्सार कार्यालयका मुखिया रामेश्वर क्षत्रीलाई एकजना खम्पाले स्थानीय पसलमा चक्कु घोपेर मारिदिए। पूर्व रामेछापका २३ वर्षीय क्षत्री जागिरको सिलसिलामा त्यहाँ पुगेका थिए। गाउँमा राम्री केटी देखे पनि खम्पाहरु बिहे गर्न जोड गर्थे। केही काम नगरी रक्सी खाँदै होहल्ला गर्दै घोडा चढेर आतङ्क सिर्जना गर्दै हिँड्थे, खम्पाहरु। उत्तरी गोरखाका स्थानीयलाई निकै दु:ख दिएपछि २०२८ सालमा छेकम्पारमा प्रहरी चौकी नै स्थापना गर्नु पऱ्यो। खम्पाहरुले गुम्बाका मूर्तिहरु चोरेर लगेको, काठको तस्करी गरेको र गाउँमा उनीहरु आएको सुन्नासाथ गाउँलेहरु घरभित्र लुक्ने गरेको पेम्बा रेता लामा, निमा दोर्जे, छेवाङ लामाको अनुभव छ। त्यसबेला सुदूरपश्चिमको दार्चुला, हुम्लादेखि मनाङ, मुस्ताङ, उत्तरी गोरखा, दोलखा, सोलुखुम्बु हुँदै पूर्वको ताप्लेजुङसम्म खम्पा विद्रोहको प्रभाव फैलिएको थियो।

'२०१६ सालमा मुस्ताङमा खम्पाहरुको सङ्ख्या नगण्य थियो। यस्तै १०-१२ जनाको हाराहारीमा हुनुपर्छ। पछि थपिँदै जाँदा गन्नै नसक्ने अवस्थामा पुग्यो। सुरुका दिनमा मुस्ताङको कोरला नाका र मनाङ हुँदै खम्पाहरु मुस्ताङ आइपुगेका थिए। पछि गोरखा जिल्लाको साम्दो, हुम्लाको यारी र भारतको रक्सौल नाका हुँदै पोखराबाट मुस्ताङ आइपुगे। २०३० सालसम्म आइपुग्दा मुस्ताङमा खम्पाहरुको उपस्थिति यति बाक्लो भइसकेको थियो, राज्यको सुरक्षामा समेत यसको गम्भीर असर देखियो' (पृ. २४६-४७)। त्यसबेला मनाङ र मुस्ताङमा ९ हजारजति खम्पा विद्रोही विभिन्न शिविर (क्याम्प) मा बस्थे। कैसाङ, ताङ्ग्या, घमी, समरजस्ता थुप्रै क्याम्प थिए। नीलगिरि हिमालको फेदमा रहेको कैसाङ क्याम्प खम्पा विद्रोहीको हेडक्वार्टर (मुख्यालय) थियो। यो नै सबैभन्दा ठुलो क्याम्प थियो र यसको कमान्डर जनरल गे हिसी थिए भने गे वाङ्दी जुनियर अधिकृत।

**रणनीतिक महत्त्व**

६४ वर्षअघि खम्पा विद्रोहीलाई संयुक्त राज्य अमेरिका र भारतले सैनिक तालिम दिएर नेपालको हिमाली सीमा नाका आसपास चीनविरुद्ध युद्ध भड्काएका थिए। अहिले पनि अमेरिका, भारत र चीन तीनवटै शक्ति राष्ट्रको रणनीतिक 'राडर' नेपालमा घुम्न थालेको छ। यद्यपि, त्यस्तो विद्रोह कुनै बाह्य नागरिकको प्रत्यक्ष संलग्नतामा भन्दा पनि नेपालभित्रै आन्तरिक गडबडी सिर्जना गराई नेपालीहरुबाटै रचिने प्रयत्न हुन सक्छ। नेपाल यस विषयमा निकै चनाखो हुनु जरुरी छ। यतिबेला पश्चिमा शक्तिको ध्यान एशिया केन्द्रित छ किनभने चीन र भारत उदाउँदा महाशक्ति हुन्। विश्वका ठुला बजार पनि यिनै हुन्। भारत र चीनको बीचमा नेपाल भएकोले रणनीतिक महत्त्व बढ्नु स्वाभाविक हो।




**पुस्तकका कमजोरी**

अनुसन्धानकर्ता राजेन्द्र कुँवरले पाँच खण्डमा विभाजित रणनीतिक महत्त्वको पुस्तक 'नेपाली दृष्टिकोणमा खम्पा विद्रोह' लेखेर नेपाली वाङ्मयलाई गुन लगाएका छन्। यस पुस्तकको पहिलो खण्डमा खम्पा विद्रोहको राजनीतिक कारण र दोस्रो खण्डमा विदेशी चलखेलबारे विस्तृत उल्लेख गरेका छन्। तेस्रो खण्डमा खम्पा विद्रोहमा संलग्नहरुको बयान उतारेका छन् भने चौथो खण्डमा मुस्ताङ र उत्तरी गोरखाको कथा उल्लेख गरेका छन्। अन्तिम खण्डमा खम्पाका दु:खका कुरा समेटेका छन्। स्रोत सामग्रीका हिसाबले खम्पा विद्रोहबारे यो पुस्तक पढ्न छुटाउनै नहुने खालको भए पनि सम्पादनमा केही त्रुटि रहेका छन्।

पृष्ठ २५ मा लेखकले '१ अगस्ट १९५५ मा नेपालका तर्फबाट शाही सल्लाहकार सरदार गुञ्जयमान सिंह र चीनको तर्फबाट राजदूत युआन चुङले सम्झौतापत्रमा हस्ताक्षर गरे' भनेका छन्। शाही सल्लाहकार सरदार गुञ्जमान सिंह हुन् कि गुञ्जयमान सिंह ? पृष्ठ ३७ मा माओको 'ग्रेट लिफ फरवार्ड' भनिएको छ। 'ग्रेट लिप फरवार्ड' हुनुपर्ने हो। धेरै ठाउँमा संयोजक 'जुन' हो कि अङ्ग्रेजी 'जून' महिना हो बुझ्न सकिँदैन। पृष्ठ १२६ र १३० मा उही अनुच्छेद दोहोरिएको छ। पृष्ठ १५१ मा 'दलाई लामाको यो दलसँग...' भन्नुभन्दा खम्पा विद्रोही समूहसँग भन्नु राम्रो हुने थियो। 'नेपाली सेनाबाट ज्यान जोगाएका बाँकी ५० तिब्बती सेनाहरु भारतमा पर्ने गुन्जी गर्ब्याङ गाउँ हुँदै राजधानी दिल्ली पुगेको खबर पछि प्राप्त भयो' (पृष्ठ १५२) लाई कसरी बुझ्ने ? तिब्बती विद्रोही खम्पा लडाकुहरु भन्नुपर्थ्यो होला। फेरि ५५ जनामध्ये ६ जना मारिए भनिएको छ। त्यसो हो भने ४९ जना बाँकी हुनुपर्छ। पृष्ठ १६७ मा 'अरदिमन' गुल्म हो कि 'अरिदमन' गुल्म ? योभन्दा पनि ठुलो गल्ती पृष्ठ १६८ मा छ। प्रमुख ब्रिगेडियर 'भरतकेशरी शमशेर राणा' हुन् कि 'भरत केशर सिंह' हुन् ? पृष्ठ १८६ को पहिलो अनुच्छेदको पहिलो पंक्तिमा 'हेटौँडाबाट त्रिशूली झरेका थियौँ' उल्लेख छ। हेटौँडाबाट त्रिशूली कसरी झरिएला र ? जबकि हेटौँडा तल र त्रिशुली माथि छ। रणनीतिक विषयमा कलम चलाउँदा भौगोलिक कुरामा ध्यान दिनु उत्तिकै जरुरी पाटो हो। व्यापारको सिलसिलामा मुस्ताङको तिब्बती सिमानानजिक निचुङ पुग्दा २०१८ सालमा मेरो बुबालाई खम्पाहरुले मारेका थिए भनी छोरा महेन्द्रबहादुर थकालीले बताएको कुरा पुस्तकमा उल्लेख गर्दा लेखकले मारिने व्यक्तिको नाम उल्लेख गर्दैनन्। को मारिए भनेर कसरी बुझ्ने ? यति महत्त्व बोकेको पुस्तकले राम्रो सम्पादन पाएको भए बेस हुन्थ्यो।

***हिमाल खबर डटकमबाट***

# नेमकिपा शासक दलहरूले गर्दै आएको राजनीतिक भागबन्डाको विरोधमा



मध्यपुर, १० फागुन । नेपाल मजदुर किसान पार्टी निर्वाचन परिचालन समिति भक्तपुर क्षेत्र नं. २ को आयोजनामा मध्यपुर थिमि नगदेशमा आइतबार चुनावी जनसभा कार्यक्रम भयो ।

सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय समिति सदस्य सुनिल प्रजापतिले नेमकिपा निःस्वार्थ रूपमा जनताको पक्षमा काम गर्दै आएको बताउनुभयो ।

नेमकिपा कहिल्यै शासकीय भागबन्डामा नलागेको स्पष्ट पार्दै उहाँले शासक पार्टीहरूले गर्दै आएको राजनीतिक भागबन्डाको विरोध गर्दै आएको भन्नुभयो ।

प्रजातन्त्र र कम्युनिस्टको नाममा काम र कुरा फरक गरी जनतालाई ठुला दलहरूले धोका दिइरहेकोमा जनता सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै केन्द्रीय सदस्य प्रजापतिले नेमकिपाले प्रखर प्रतिपक्षी भूमिका निर्वाह गरी निर्वाचन घोषणापत्रअनुसार काम गर्नेछ भन्नुभयो ।

युवा उमेरले होइन विचारले हुने र क्रान्तिकारी विचार बोक्नेहरू नै युवा हुने धारणा राख्दै उहाँले शासक पार्टीहरूलाई पराजित गरी दण्ड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले नेपाल विकास नहुनुमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद प्रमुख रूपमा दोषी भएको धारणा व्यक्त गर्दै नेपाललाई सिक्किम र युक्रेन हुनबाट बचाउन नेमकिपाका उम्मेदवारलाई मतदान गर्नुपर्ने बताउनुभयो ।

नेमकिपाको तर्फबाट भक्तपुर क्षेत्र नं. २ का उम्मेदवार रमेश वैद्यले हाम्रो मत विदेशी दलाल भ्रष्टाचारीलाई होइन नेपाली जनताको सेवकलाई दिनुपर्ने बताउनुभयो ।

युवा विद्यार्थीलाई नेपालमै बस्ने व्यवस्था गर्न, ख्वप विश्वविद्यालय विधेयक पारित गराउन, भ्रष्टाचारीलाई फाँसीको सजाय हुने कानुनी व्यवस्था गर्न, स्वदेशमै रोजगारी सिर्जना गर्न कानुनी व्यवस्थाको लागि नेमकिपाका उम्मेदवारहरुको खाँचो छ भन्नुभयो ।

कार्यक्रममा नेमकिपा मध्यपुर नगर समितिका पूर्वअध्यक्ष विक्रम वैद्य, समानुपातिक उम्मेदवार दीक्षा बाडे, आयोजक समितिका संयोजक वीरकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा जनगायक सपना शाही र विनोद वि.क.ले प्रगतिशील गीत प्रस्तुत गर्नुभएको थियो ।

# गुल्मी र पाल्पामा घरदैलो कार्यक्रम

पाल्पा, १० फागुन । प्रतिनिधिसभाको निर्वाचनमा नेपाल मजदुर किसान पार्टीका उम्मेदवारहरूलाई विजयी गराउन पाल्पा र गुल्मीमा घरदैलो कार्यक्रम तथा कोण सभा भएको छ ।

शनिबार भएको कोणसभा पार्टीका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश संयोजक हरिसुन्दर वासीले आम निर्वाचन एक वर्गसङ्घर्ष र राजनीतिक सङ्घर्ष हुनुको साथै जनताको चेतनास्तर नाप्ने व्यारोमिटर भएको बताउनुभयो ।

नेमकिपालाई जति बढी मत आउँछ त्यति नै समाजवादी आन्दोलन अगाडि बढाउन परिस्थिति मिल्ने उल्लेख गर्दै उहाँले समाजवादमा शिक्षा - स्वास्थ्य निःशुल्क, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको बन्दोबस्त हुन्छ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेशका सदस्य हरिप्रसाद बासुकलाले नेमकिपाले निर्वाचनलाई घोषणापत्रको सैद्धान्तिक लडाइँको रूपमा लिएको विचार व्यक्त गर्नुभयो ।

“पुँजीवादी सरकारमा जाने पार्टी नक्कली कम्युनिस्ट हो, नक्कली कम्युनिस्टदेखि हामी सचेत हुनु जरूरी छ”, उहाँले भन्नुभयो ।

पाल्पा क्षेत्र नं. २ का उम्मेदवार कृष्णशोभा मुस्याख्व र गुल्मी क्षेत्र नं. १ का उम्मेदवार मैयाँलक्ष्मी त्यातले नेमकिपाका उम्मेदवारहरूले घोषणापत्रअनुसार काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।


## हार्दिक समवेदना



जन्म : १९९६।०२।०१
निधन : २०८२।१०।०३

यस संस्थाका सदस्यता नं. २११० का सदस्य **सिद्धिकुमार रंजित**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भनपा-९



## हार्दिक समवेदना



जन्म
१९९९।०७।२०

निधन
२०८२।११।०८

यस छरछिमेक सहयोगी बचत समूह २०७८ का सदस्य आशाराम सुवालका पूजनीय पिता **आशलाल सुवाल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

| | |
|---|---|
| प्रेमबहादुर थापा | रेभिड कुस्मा |
| बलराम गणेश | तुल्सीराम ग्वाछा |
| कृष्णगोविन्द सैंजु | शिव सितिखु |
| विश्वराम सितिखु | श्रीकृष्ण कवाँ |
| दीपक थिमी | कृष्ण गोसाई |
| अमृता कार्की | पुण्यराम तुईतुई |
| श्रीकृष्ण गोसाई | शिवराम किसी |



# हार्दिक समवेदना



जन्म
१९९९/०७/२०

आशलाल सुवाल

स्वर्गारोहण
२०८२/११/०८

यस श्री सूर्यविनायक गणेश समूहका सदस्य आशाराम सुवालका पूजनीय पिता **आशलाल सुवाल**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## श्री सूर्यविनायक गणेश समूह

| | | |
|---|---|---|
| रविन माकजू | कृष्णप्रसाद त्वानावासु | राजेश दुवाल |
| राजेन्द्र सुवाल | लक्ष्मीप्रसाद दुकुछु | लक्ष्मण ग्वाछा |
| सुरेन्द्र माक | रामप्रसाद थिके | शान्ति बज्राचार्य |
| कृष्णराम सितिखु | राजेश शाक्य | |


प्रकाशक तथा कार्यकारी सम्पादकः उद्धव सुजखु★सम्पादकः विष्णुगोपाल कुसी ★ कार्यालयः कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्सः ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखाः ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रकः सिद्धिगणेश अफसेट प्रेस, चोर्चा